# अध्याय एक

# शोधको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

घरायसी काम खाना बनाउने लुगा धुने घरको सरसफाइ परिवारको हेरचाह बच्चा र बिरामीको स्याहार एवम् बिनातलबको सामुदायिक कार्य जस्ता बजारसित असबन्धित कार्यहरूलाई नयाँ निर्देशिकामा उत्पादक मानिए पनि तिनलाई अभिलिखित राष्ट्रिय आयभित्र वर्गीकरण गरिएको छैन । तिनीहरूलाई अर्थतन्त्रको विमर्शमा उल्लेख गरिँदैन । परिवारको हेरचाह तथा स्याहार-सुसारका कार्यहरू मूलतः महिलाका जिम्मवारी भित्र पदर्छन् (आचार्य २०७१) ।

नेपालमा महिलाको अवस्था विश्वका धेरै मुलुकहरूमा जस्तै नेपालमा पनि महिला र पुरुष बिच ठुलो बिभेदको अवस्था छ। यहाँको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रसाशनिक लगायतका सबै क्षेत्रमा पुरूषको तुलनामा महिलाको पहुँच ज्यादै न्यून रहेको छ। नेपालको कुल जनसङ्ख्याको आधाभन्दा बढी (५१.५० प्रतिशत) हिस्सा ओगटेका महिलाहरू राज्यका हरेक पक्षमा पिछडिएका छन्। परम्परागत रूपमा जातपातको भेदभाव, चाँडो विबाह, छोराको महत्व जस्ता मान्यता जस्ता कारणले महिलाको स्थर विकास हुन सकेको छैन। लैङ्गिक भिन्नताका कारण लैंगिक असमानता, साधन र स्रोतको अवसर आदिमा कमिका कारण महिलाहरूको स्तर निकै पछाडि छ। महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैरसरकारी सङ्घ संस्था तथा सरकारी निकायसम्मले समेत कामहरू सशक्त रूपबाट गरिरहेकै छन्। नेपालको संविधानमा समेत महिला सम्बन्धी हक तथा अधिकार सुनिश्चित गरिएको छ। त्यस्तै अन्तर्राष्ट्रिय स्तरमा पनि नारीलाई पुरुष सरह हरेक क्षेत्रमा समानता हुनुपर्छ भन्ने उद्देश्यका साथ विभिन्न नारी सम्मेलन गरी सोही घोषणापत्र तयार गरी उक्त पत्रको बुँदालाई आधार बनाइ कामहरू भइरहेको अवस्था पनि छ (नेपालमा महिलाको अवस्था, २०७८) ।

नेपाली समाज हिन्दू धर्म वा आर्य संस्कृतिमा आधारित समाज हो । यो समाजमा परिवारको मूली धेरैजसो पुरुषहरू मात्रै हुने गर्दछन्। हिन्दू धर्मको प्रमुख आधिकारिक ग्रन्थ वेदमा महिलाहरूलाई भेदभाव हुने किसिमको कुनै कुरा उल्लेख गरिएको पाइँदैन । वैदिक कालमा

महिलाहरूलाई पनि पुरुषसरह समान अधिकार प्राप्त थियो । उतिबेलाको समाजमा वेदविज्ञ महिलाहरूलाई ब्रह्मवादिनी भनिन्थ्यो । गार्गी, मैत्रेयी, अश्वपाला आदि वैदिक कालकी प्रसिद्ध ब्रह्मवादिनीहरू थिइन् । वेदमा उल्लेख गरिए अनुसार 'यत्र नार्य सु-पुज्यन्ते, रमन्ते तत्र देवता' अर्थात् जहाँ नारीहरूको पूजा हुन्छ, त्यहाँ देवताहरू पनि रमाउँछन् भनेर शास्त्रहरूले पनि नारीको महिमा गाएका छन् तर मध्ययुगमा सामन्ती प्रथाको उद्भव भएसँगै जसरी छुवाछुत प्रथाको सुरुवात भयो, त्यसैगरी नारीप्रति पनि विभेद गरिन थालियो। धर्मशास्त्रको गलत व्याख्या गरी महिलाहरूप्रति भेदभाव गरिएको यसै मध्ययुगदेखि चलिआएको पाइन्छ (अर्याल, २०५९) ।

नेपालको ग्रामीण क्षेत्रका महिलाहरू वर्तमान समयमा हेपिएको, दबिएको र पछाडि पारिएको महसुस गरेपछि टोल छिमेकमा रहेका दिदीबहिनीहरू मिलेर समुहहरू निर्माण गरेका छन । दिदीबहिनीहरूले समुह मार्फत महिलाको चेतना, क्षमता विकास तथा बचत र लगानीका कार्यक्रमहरू सञ्चालन गरेका छन् । यसले समाजमा महिलाहरू पनि परिवारको एक भाग हुन् भन्ने स्वीकार्न पुरुषहरूलाई सचेत बनाएको छ किनकि समुहका विभिन्न क्रियाकलापमा सहभागी महिलाहरू हरेक विषयमा सचेत भएका छन् । उनीहरू आफ्नो अधिकार प्राप्ति तथा कर्तव्यको पथमा लम्कनको लागि साहस राख्दछन्; घरायसी कामकाजमा र चुलोचौकोमा मात्र होइन, आम्दानी हुने खालका काममा लाग्नको लागि साहस बटुल्छन् । उनीहरू समाजमा कोही महिला समस्यामा पर्दा काँधमा काँध मिलाएर समस्या समाधानको पहलमा अग्रसर देखिन्छन् । समाजमा रहेका चालचलन परम्पराका सकारात्मक पाटाहरूको संरक्षणको लागि कम्मर कसेर लाग्छन् । उनीहरू छोरीहरूलाई विवाहमा दाइजो होइन, अब उज्यालो भविष्य निर्माणको लागि शिक्षा भन्ने अभियानमा लागेका छन् (सुवेदी र देउजा, २०७१) ।

नेपालमा विगतमा रहेको सती, देउकी, झुमा, बोक्सी जस्ता प्रथाप्रतिको अन्धविश्वासका कारण त्यतिबेलाको समाजमा महिलाको अवस्था कस्तो थियो भन्ने सजिलैसँग अनुमान गर्न सकिन्छ । यद्यपि बेलाबेलामा त्यस्ता व्यवस्थाविरुद्ध आवाज नउठेका भने होइनन् । महारानी राजराजेश्वरीबाट आफ्ना राजाको मृत्युमा सती जान अस्वीकार गरिएको घटना, सामाजिक आन्दोलनको अगुवाइ गर्ने योगमायालाई तत्कालीन शासकले आत्महत्या गर्न बाध्य पारेका घटना र छिटफुटरूपमा भएका अन्य आन्दोलनलाई परिवर्तनका लागि गरिएका तत्कालीन विद्रोहका रूपमा हेर्न सकिन्छ । तर त्यो समयमा ती विद्रोहविरुद्ध गरिएका कठोर दमनको

अमानवीय र क्रूर पक्ष पनि त्रासदीपूर्ण रहेको पाइन्छ । यद्यपि २००४ सालमा पद्मकन्या विद्यालय र कलेज स्थापना, २००६ सालमा नेपाल महिला सङ्घ स्थापना, २००८ सालमा अखिल नेपाल महिला सङ्घ स्थापना जस्ता कार्यले भने तत्कालीन महिला आन्दोलनलाई सकारात्मक मोड दिएका पाइन्छ (नेपालमा महिलाको राजनीतिक सहभागिता, २०६५) ।

महिला मानव सृष्टिका जननी मात्रै नभई मानव जीवनका जग पनि हुन् । महिला आमा, दिदी, बहिनी अनि श्रीमती पनि हुन् । आमाको काख, दिदीबहिनीको स्नेह, श्रीमती साथी सङ्गिनीको प्रगाढ मायाको पछ्यौरीभित्र पुरुषका जीवनका अवयव चलायमान हुन्छन् । जनसङ्ख्याको हिसाबले नेपालमा पुरुषभन्दा महिला बढी छन् । नेपाली समाजमा अशिक्षाका कारण धेरै महिलाले आधारभूत अधिकारबाट वञ्चित रहेर जीवनयापन गर्नु परेको छ । यो अध्ययन झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं. ३ का महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन शीर्षकको शोधकार्य गरेकी छु ।

## १.२ समस्याको कथन

महिलाहरूको सामाजिक शैक्षिक स्तर, स्वास्थ्य तथा पोषण स्थिति, उनीहरूको श्रमशक्तिमा संलग्न कानुनी समानता एवं सामाजिक मान्यता आदि । देशको सर्वाङ्गीण विकासका लागि महिला जनशक्तिलाई शिक्षित तथा दक्ष तुल्याउन आवश्यक छ । शिक्षाविना आधुनिक समाजको परिकल्पना समेत गर्न सकिँदैन । महिलाहरूको जीवन सुधार गर्ने सशक्तीकरण गर्ने, नेतृत्व विकास गर्ने, आर्थिक तथा सामाजिक रूपमा सक्षम बनाउनेजस्ता कुनै पनि कार्यक्रम कार्यान्वयन नभएकाले विकासले द्रुत गति लिनसकेको छैन । तसर्थ विकासका लागि गरिने तलदेखि माथिल्लो निकायसम्मको योजनामा महिला र पुरुषको उत्तिकै सहभागिता र निर्णायक भूमिकालाई जोड दिएको पाइँदैन । यस अध्ययनको मूल समस्याका रूपमा महिलाहरूको सामाजिक अवस्था कस्तो छ ? कस्ता खालका समस्याहरू भएका कारण समाजमा महिलाहरू पछाडि परेका छन् ? भन्ने विषय रहेको छ । जसमा महिलाहरू समाजमा अघि बढ्न नसक्नुका कारण सामाजिक अवस्था कमजोर, आफ्नो कमाईले परिवार धान्न नसक्नु, श्रीमान्को भर परेर घर व्यवहार चलाउनु जस्ता कुराले सामाजिक रूपमा पछाडि पर्नु परेको अवस्था मुख्य रहेकाले यसलाई समाधान गर्न कस्ता खालका समस्याहरू रहेका छन् भन्ने उद्देश्यमा यो अध्ययन केन्द्रित रहेको छ ।

यो अध्ययन महिलाहरूको सामाजिक अवस्था अध्ययनका लागि निम्न अनुसन्धनात्मक प्रश्नहरूको सेरोफेरोमा अध्ययन गरिएको छ ।

क) महिलाहरूको सामाजिक अवस्था कस्तो रहेको छ ?

ख) महिलाहरूको सामाजिक अवस्थालाई प्रभाव पार्ने तत्वहरू के के हुन् ?

ग) महिलाहरूको सामाजिक स्तर बढाउन के कस्ता उपायहरू गर्नुपर्ला ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानको मूलभूत उद्देश्य महिला सामाजिक अवस्थासँग सम्बन्धित विविध पक्षहरूको अध्ययन गर्नु रहेको छ। यसै उद्देश्यको परिपूर्तिका निमित्त निम्न लिखित उद्देश्यहरू तय गरेकी छु ।

क) अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक अवस्थाको अध्ययन गर्नु ।

ख) महिलाहरूको सामाजिक अवस्थालाई प्रभाव पार्ने तत्वहरूको पहिचान गर्नु ।

ग) महिलाहरूको सामाजिक स्तर बढाउने उपायहरू पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

महिलाहरूको सामाजिक तथा आर्थिक स्तरमा क्रमशः सुधार भइराखेको पाइन्छ तापनि विभिन्न कठिनाइहरूको कारण विकासको प्रत्येक क्षेत्रमा उनीहरूबाट सहभागिता हासिल गर्न सकेका छैनन् । नेपाल एक अल्पविकसित देश भएको र अधिकांश जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने, कृषिमा आधारित अर्थव्यवस्थामा आश्रित रहेका, गरिबी, अज्ञानता र निरक्षरता जस्ता समस्याहरूले अर्थव्यवस्थामा जरो गाडेको हुँदा यस किसिमको स्थिति जसलाई गरिबीको चक्र पनि भनिन्छ । यो सम्पूर्ण नेपाली समाजको समस्या हो तर पनि यसको बढी भार महिलावर्गमा पर्न जाने हुँदा उनीहरूको सामाजिक तथा आर्थिक स्तर उठाउन विशेष प्रयासको आवश्यकता पर्दछ । खास गरेर महिलाहरू प्रतिफलका उपभोक्ता मात्र होइनन्, विकासका संवाहक पनि हुन् । महिलाको भूमिका घरभित्र मात्र सीमित राख्न सामाजिक गतिविधिबाट टाढा बनाउने, आर्थिक क्रियाकलापमा संलग्न नगराउने जस्ता संस्कारको समूल अन्त गरी महिला सशक्तिकरणकरण एवं मूल प्रवाहीकरणको माध्यमद्वारा नीति निर्माणका लागि सहयोगी बन्ने छ ।

यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघ सङ्गठनलाई त्यहाँका महिलाहरूको यथार्थलाई बुझी योजना तर्जुमा गर्न तथा कार्यान्वयन गर्न सहयोग गर्नुका साथै परिवार र समाजबाट महिलालाई घरभित्र मात्र सीमित नगरी घर बाहिर निस्किएर सामाजिक काममा सक्रिय हुनुपर्छ भन्ने मान्यता राखी घरायसी काममा पुरुषले पनि सहयोग गरी महिलालाई समाजमा अघि बढाउनका लागि सहयोग पुर्‍याउँछ । यस अध्ययनबाट पनि अन्य समुदायका तथा क्षेत्रका महिलालाई समाजमा अघि बढ्न सहयोगी हुनेछ। यसका साथै अनुसन्धानकर्तालाई महिलाहरूको सामाजिक अवस्थाको बारेमा अध्ययन गर्नमा सहयोग गरी महिलालाई पनि पुरुष सरह समाजमा अधिकार दिई विविध पक्षको अध्ययन गर्नुमा व्यवहारिक महत्व यो अध्ययनले राखेको छ ।

### १.५अध्ययनको सीमा

प्रस्तुत अध्ययन झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं. ३ मा महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तनमा सीमित रहेको छ। यस अध्ययनले निकालेको निष्कर्ष तथा सुझाव अन्य स्थानमा बसोबास गरेका महिलाहरूको परिप्रेक्ष्यमा सान्दर्भिक तथा मेल खान सक्दैन ।

### १.६ अध्ययनको सङ्गठन

यस अध्ययनमा छवटा अध्याय हुन्छ। यसको अध्याय एकमा शोधको परिचय समावेश गरिएको छ। जसमा समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य तथा महत्व,सीमा र अध्ययनको सङ्गठन रहेको छ। त्यस्तै अध्याय दुईमा सम्वन्धित साहित्यको अध्ययन रहेको छ। यसमा पूर्वकार्यको समीक्षा, सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्धान्तिक समीक्षा जस्ता उपशीर्षकहरू छन्। अध्याय तीनमा अनुसन्धान विधिलाई समेटेको छ। जसमा तथ्याङ्कका स्रोतहरू, तथ्याङ्क सङ्कलन प्रक्रिया जस्ता उपशीर्षकहरूमा रहेर अध्ययन गरिन्छ। त्यस्तै अध्याय चारमा अध्ययन क्षेत्रको परिचय दिएको छ। यसै अध्यायमा नमुना छनोटमा परेका नगरपालिकाको परिचय, जनसङ्ख्या तथा भौगोलिक अवस्थितिहरू समावेश गरेकी छु। त्यस्तै भने परिच्छेद पाँचमा महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी अध्ययन समावेश छ भने अध्याय छ मा निष्कर्ष तथा सुझाव समावेश गरी अन्त्यमा सन्दर्भ सूची र अनुसुचीहरू समावेश गरेकी छु।

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा र सैद्धान्तिक अवधारणा

कुनै पनि अध्ययन तथा अनुसन्धान गर्नुभन्दा अगाडि भएका सम्बन्धित विषयका बारेमा प्रकाशित पुस्तक, अप्रकाशित शोधपत्र, लेख रचना तथा विभिन्न पत्रपत्रिकाहरूको सहायता लिन आवश्यक हुन्छ ।

## २.१ पूर्व साहित्यको समीक्षा

वास्तवमा गाउँघरमा त महिलाहरूले आफ्ना घरमा खाना पकाउने, खाना खुवाउने, बच्चाहरूको स्यहाँर गर्ने, भाँडा माझ्नेदेखि लिएर घरको अन्य सबै काम गर्नुपर्दछ । त्यसको साथै आफूले नसक्ने काम समेत जिम्मा लिई पूरा गर्नुपर्ने, पूरा गर्न नसकेमा लोग्नेको कुटाइ खानुपर्ने वा भोकभोकै बस्नुपर्ने हुन्छ । त्यतिन्जेलसम्म पुरुषहरू आनन्दले गफ मारेर बस्ने वा अरु कुनै मनोरञ्जनात्मक काममा समय खर्च गर्दछन् । महिलाहरूलाई सन्तान उत्पादन गर्ने र पुरुषहरूको मनोरञ्जनको साधनको रूपमा प्रयोग गर्ने चलन अझै पनि धेरै ठाउँमा देख्न सकिन्छ । यी घटना र हिंसा हुनुमा  राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक चेतनाको अभाव नै प्रमुख कारण देखिन्छ (रिजाल, २०७४) ।

महिला विकासको विषय महिलाको मात्र नभई सिंगो राष्ट्रकै सवाल हो । हरेक महिलाको सफलता पछाडि पुरुषको साथ, सहयोग र समर्थन रहेको हुन्छ । पछिल्लो समय विस्तारै महिलाहरू घरको भान्सादेखि खुला आकाशको यात्रा गर्दै छन् । यसैले महिला विकासको संदर्भमा नवपुस्ताको सकारात्मक भूमिका र पुराना पुस्ताको उदारताको खाँचो देखिएको छ । हाम्रा सामाजिक भूमिकामा परिवर्तन गर्न अत्यावश्यक छ । महिलाका बारेमा भागवत गीतामा उदृत गरिएको 'यत्र नारायस्तु पुजयन्ते तत्र रमन्ते देवता' (जहाँ नारी पुजिन्छन्, त्यहाँ देवता रम्दछन्) भन्ने वाक्यांशलाई आत्मसात गर्न सकियो भने राष्ट्रकै उत्थानमा सहयोग पुग्ने देखिन्छ । अतः विविधताको भूमिकालाई सबैले सम्मान गरी अगाडि बढ्दै समानतालाई सहकार्यमा रूपान्तरण गर्न जरुरी छ (के.सी., २०७७) ।

समाजले व्यक्तिलाई महिला र पुरुष भएका कारण अझैपनि परम्परा,मान्यता, सँस्कार, व्यवहार, धर्म आदिका आधारमा लैङ्गिक भूमिका निर्माण गरेको पाइन्छ । महिला र पुरुषलाई लैङ्गिकताको आधारमा भूमिकाहरू दिइएको पाइन्छ । छोरीहरू विद्यालय जान

हुँदैन, घरधन्दामा लाग्नुपर्छ, माइतको इज्जतको ख्याल गर्नुपर्ने हुन्छ भने छोराहरूलाई घरबाहिर जानुपर्छ, कमाउनु पर्छ, टाठोबाठो बन्नुपर्छ, घरभित्रको काममा संलग्न हुनुहुँदैन भन्ने खालको सामाजिक मान्यताहरूले महिलालाई घरभित्रको काममा नै सीमित गरेको छ । बिगतमा पनि श्रम विभाजन विशुद्ध नैसर्गिक किसिमको थियो जसले लिङ्गभेदको आधारमा बाँडफाँड गर्दथ्यो । पुरुषहरू लडाइँमा भाग लिन्थे, शिकार खेल्न जान्थे, माछा मार्थे, कच्चा खाद्य पदार्थ जम्मा गर्थे र यी सबै कामका लागि आवश्यक औजारहरू बनाउँथे । महिलाहरू घरको काम गर्ने गदर्थे । प्रत्येक आफ्नो क्षेत्रको मालिक हुन्थ्यो, पुरुष जङ्गलको त महिला घरको । हरेक आफूले बनाएको र प्रयोगमा ल्याएका वस्तु र औजारहरूको स्वामी हुन्थ्यो । पुरुष औजारहरूको शिकार खेल्ने हतियार र माछा मार्ने बल्छीहरूको त महिला घरायसी सरसामान भाँडाकुडा आदिको (फेडरिख, २०५६) ।

समाजमा खानदानी परिवार सम्पन्नता र धार्मिक परम्पराहरू पुगीसरी आएका मानसिकताका विशेषता थिए, पढ्नु, लेख्नु, स्वतन्त्रतापूर्वक घुम्न पाउनु, सभा समारोहमा पुरुषसरह नै भाग लिन पाउनु आदि कुराको खोजी गर्नु भनेको समाज र परिवारसँग निहु खोज्नु नै हुन्थ्यो (सिंह,२०५१)

## २.२ सैद्धान्तिक ढाँचा

महिलावाद लोकतन्त्र र समृद्ध समाजको आधार स्थापनाको अभियान हो । यसले व्यक्तिको दक्षता, क्षमता र योग्यता यौनिकतामा नभएर ज्ञान, सिप र विवेकमा खोज्छ । सहज बुझाइका लागि महिलावादी सोचले बच्चा जन्मँदा उसको यौनाङ्गमा होइन, स्वास्थ्यमा ख्याल गर्छ । यसैले महिलावाद यौनिकता र लैङ्गिकताको आधारमा हुने वा गरिने कुनै पनि किसिमका विभेद, नियन्त्रण, असमानता, हिंसा, दुरुत्साहन र दुर्व्यवहारबाट समाजमा पुगेको हानि नोक्सानीको विश्लेषण गर्दै हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रलाई विभेदमुक्त र मानवतायुक्त बनाउने वैचारिक सिद्धान्त र व्यावहारिक अभियान हो । महिलावादले महिला र पुरुषलाई 'उस्तै वा जस्तै' ठान्दैन । यसले महिला र पुरुषको शारीरिक भिन्नताका आधारमा हुने फरक जैविक, प्राकृतिक आवश्यकता र दायित्व अनुभूत गर्छ । महिलामा निहित पाठेघर र प्रजनन् क्षमता कमजोरी होइन, थप शक्ति मान्छ । महिलाको त्यही जैविक शक्ति र दायित्वका आधारमा महिला र पुरुषको फरक आवश्यकतालाई स्वीकार गर्दै त्यसलाई

सम्बोधन गर्न फरक नीति र कार्यक्रमको व्यवस्थाले मात्र नतिजामा लैङ्गिक समानता स्थापित हुन सक्छ भन्ने मान्यता राख्छ (पाण्डे, २०७९) ।

महिलावादी सिद्धान्तले सामाजिक जीवन एवं मानवीय अनुभवहरूको विकासको क्रममा देखा परेको विचारहरूलाई महिला केन्द्रित दृष्टिकोणवाट हेर्ने प्रयास गर्दछ । महिलावादी सिद्धान्त निम्न तिन तरिकाबाट महिला केन्द्रित देखिन्छ : क) कुनै समाजमा भएको महिलाको अवस्था ख) सामाजिक संसारमा महिलाको अवस्था र ग) वर्तमानमा महिलाका सबै प्रकारका विभेदलाई हटाएर मानवतावादी र समानतामूलक संसारको निर्माण जहाँ महिलाको राम्रो स्थान रहोस् (श्रेष्ठ, २०६६) ।

महिलावादी सिद्धान्त फरक फरक तरिकाले विकसित भएका देखिन्छन् । महिलावादी सिद्धान्तमा समाजशास्त्र मात्रै समावेश नगरेर अन्तरशासिय समुदायको रूपमा अरु शास्त्रहरू मानवशास्त्र, जीवशास्त्र, अर्थशास्त्र, इतिहास, कानूनका साथै विभिन्न बौद्धिक व्यक्तित्वहरूको बौद्धिकतालाई समेत समावेश गरिएको छ । यसरी महिलावादी समाजशास्त्रीहरूले दोहोरो भूमिका खेलेका छन् जसमा उनीहरूले विभिन्न समाजको अध्ययन पनि गरेका छन् भने मानवीय असमानतालाई हटाउने प्रयास पनि गर्छन् । विशेष गरी १९९० पछि महिलावादी सिद्धान्त गतिशिल रूपमा देखा परेको छ । यीनै महिलावादी सिद्धान्तहरूको विकासक्रमलाई हेर्दा खासगरी तीन धारहरूको रूपमा देखा परेका छन् । सर्वप्रथम सन् १९३० मा दासता विरुद्धमा संघर्ष गर्नका लागी अमेरिकामा महिलाहरू संगठित भएका थिए र आफ्ना अधिकार प्राप्तिका लागी संघर्षको सुरुवात पनि गरेका थिए भने जसबाट महिलावादको पहिलो धारको उत्पत्ति हुन पुगेको थियो । यसले महिलाहरूलाई विभिन्न दुःख र पिडाबाट छुटकारा पाउनका लागी एकता र गतिशिलतामा विशेष रूपले जोड दिएको छ । महिलावादी दोस्रो धारको सुरुवात सन् १९६० को दशकबाट देखा परेको थियो । जब Betty Friedan ले सन् १९६३ मा The feminist mystique नामक पुस्तक प्रकाशित गरेपछि उक्त पुस्तक नै महिलावादको दोस्रो धारको बलियो आधार बन्यो र प्रायः सबैजसो समसामयिक महिलावादी सिद्धान्तहरू यही धारसँग सम्बन्धित देखिन्छन् र सन् १९८० को दशको आगमनसँगै महिलावादको तेस्रो धारको विजारोपण भएको मानिन्छ । महिलावादी सिद्धान्तहरूले मुख्य रूपमा निम्न चारवटा प्रश्नहरूमा आफ्नो ध्यान केन्द्रित गरेको पाइन्छ । १) महिलाको बारेमा के त ? २) महिलाको अवस्था जुन छ त्यो किन यस्तो छ ? ३) महिलाहरू बीचमै हुने फरकहरू बारेमा के त ? ४) अवस्थाहरूमा सुधार कसरी त ? महिलावादी सिद्धान्तमा

विभिन्न महिलावादीहरूले समाजको सबै पक्षमा समान तरिकाले पुरुषसँगै काम गरे तापनि किन महिलाको कामलाई कम महत्व दिइन्छ भन्ने कुरालाई मुख्य रूपमा उठाएका छन् । महिलाको स्थान किन त्यो भयो ? साथै महिलाको बिचमा पनि किन र कति फरकपना छन् । महिला भित्रै पनि उमेर, जात, संस्कृति, धर्म आदिको आधारमा भएको फरकपनालाई हेर्छन् । पुरुष र महिलाको फरकलाई मात्रै नहेरी महिलाको फरकलाई पनि हेर्नु पर्दछ भन्ने धारणाको सुरुवात महिलावादी तेस्रो धारबाट भयो । यस प्रकारले महिलाको दमनलाई स्वीकार गरिसकेपछि कसरी त्यो फरकपनालाई एवं शोषणलाई हटाउन सकिन्छ त भन्ने कुरालाई जोड दिन्छन् । यिनै प्रश्नका समाधानको उपाय खोज्ने प्रयास स्वरूप महिलावादी सिद्धान्तको सुरुवात भएको हो (श्रेष्ठ, २०६६) ।

## २.३ सैद्धान्तिक समीक्षा

समाजशास्त्रीय अध्ययनमा विश्वमा महिलाको अधिकार र मुक्तिका लागि भएका सङ्घर्षहरूले पनि प्रभाव पारेको देखिन्छ । विश्वमा विभिन्न समयमा विकास भएका फरक महिला अधिकारसम्बन्धी दृष्टिकोणहरूका आधारमा पनि नेपालमा महिला अधिकारको सन्दर्भलाई फरक-फरक दृष्टिकोणबाट हेर्ने प्रयास भएको पाइन्छ । विश्व इतिहासमा सन् १९७० को दशकमा महिलालाई सामाजिक परिवर्तनको प्रक्रियामा समावेश गर्न ‘विकासमा महिला’ रणनीति अवलम्बन गरिएको देखिन्छ भने सन् १९८० को दशकमा ‘महिलालाई विकासमुखी बनाउने’ रणनीति अवलम्बन गरिएको र सन् १९९० को दशकमा आएर महिला र विकास रणनीतिको स्थानमा लैङ्गिकता र विकास’ रणनीति अवलम्बन गरिएको पाइन्छ । नेपालमा पनि महिला अधिकारलाई आत्मसात गर्ने क्रममा यसले प्रभाव पारेको देखिन्छ ( आचार्य, २०६४) ।

महिला मुक्ति र अधिकार सम्बन्धमा राणा शासनमा भएका छिटफुट घटना बाहेक महिला अधिकारका विषय राज्यका कुनै पनि दस्ताबेजमा उल्लेख भएको पाइँदैन । तर राणा शासनकै समयमा जारी गरिएको नेपाल सरकारको वैधानिक कानुन, २००४ मा भने सबैलाई मतदानको समान अधिकार र निर्वाचनमा भाग लिने राजनीतिक अधिकार दिँदै महिलालाई पनि अरू नागरिक सरह हुने कुराको प्रत्याभूति गरेर महिलाको राजनीतिक प्रवेशको ढोकालाई सजिलै खुला गरेको पाइन्छ । यो वैधानिक कानुनले सबैलाई कानुनमा पूर्ण समानताको सुनिश्चितता गरेर संवैधानिक स्वतन्त्रता दिने प्रयास गरेको देखिन्छ । तर

यस कानुनले महिलाको हक अधिकारका सवालमा अन्य कुनै विशेष व्यवस्था गरेको पाइँदैन। त्यसैगरी नेपाल अन्तरिम शासन विधान, २००७ ले समानताको प्रत्याभूति गर्नुका साथै स्त्री जातिका लागि विशेष व्यवस्था गर्न सकिने, स्त्री पुरुष दुवैलाई समान कामका लागि समान तलब, मानिसको बेचबिखन र जबर्जस्ती श्रमलाई निषेध जस्ता व्यवस्था गरेको पाइन्छ। नेपाल अधिराज्यको संविधान, २०१५ ले कानुनको प्रयोग र सरकारी सेवा प्रवेशमा लिङ्गलगायत कुनै पनि आधारमा भेदभाव नगरिने व्यवस्था गरेको पाइन्छ। नेपालको संविधान, २०१९ ले कानुनको समान संरक्षण र अवसरमा समानताको प्रत्याभूति गरेको देखिन्छ। नेपालको संविधान, २०१९ मा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा तीमध्ये कुनै कुराका आधारमा भेदभाव गरिने छैन भनी समानताको हक सुनिश्चित गरिएको थियो। त्यसैगरी नेपाल अधिराज्यको संविधान, २०४७ ले आधारभूत मानव अधिकार र कानुनको शासन, कानुनको अगाडि समानता, कानुनको समान संरक्षण, महिलालाई विशेष व्यवस्था, पारिश्रमिकमा समानता जस्ता व्यवस्था गरेको पाइन्छ (नेपालका संविधान, २०७२)।

१९९७ मा UN ले महिला दशक घोषणा गरेदेखि महिला सङ्गठनहरू, सरकारी निकायहरू तथा अन्तर्राष्ट्रिय दातृ निकायहरूको ध्यान र क्रियाकलाप महिलाहरूको शैक्षिक विकासमा बढिरहेको छ। उपरोक्त चासो वृद्धिमा अर्न्तनिहित अवधारणा के थियो भने यदि महिलाहरूले परम्परागत रूपमा उनीहरूलाई वञ्चित गरिएका अधिकार जान्ने एवंम सिपहरू सिक्ने अवस्था आयो भने सशक्तिकरणलाई बढावा दिने छ। महिला शिक्षा तथा सशक्तिकरण सम्बन्धि अर्न्तराष्ट्रिय सेमिनारको आयोजना अल्पकालीन र दीर्घकालीन रूपमा महिलाहरूको अवस्था सुधारको लागि शिक्षाको सार्न्दभिकतामा केन्द्रित गरिएको थियो। शिक्षाले अल्पकालमा महिलाको अवस्थामा सुधार ल्याउँछ भने दीर्घकालमा महिलाहरूलाई मुक्ति दिलाउँछ (UNESCO, 1995)।

### २.३.१ विकासमा महिला अवधारणा

विकासमा महिला अवधारणा उदारवादी महिलाहरूले सन् १९७० को दशकपछि अघि सारेकोअवधारणा हो, जसमा महिलाका समस्याहरूलाई केन्द्रमा राखेर समस्त विकास कार्यमा महिलाको सहभागितालाई जोड दिइयो। विकासको मूल प्रवाहबाट महिलाहरू वञ्चित भएका, महिला हक र अधिकारहरू कुन्ठित भएका तथा महिलाहरू स्वतन्त्रताका

सवालमा बाधा उत्पन्न गराइएको जस्ता पक्षलाई बढी महत्त्व दिई कानुनी तथा प्रशासनिक कार्यमा सुधारलाई बढी जोड दिइएको छ। यसले आधुनिकीकरणको कारण परम्परागत पेशा विस्थापनमा परेको कारण आय तथा सामाजिक मर्यादा घट्दै आएको विषय उल्लेख गरेको छ। त्यसैले महिलाको सशक्तीकरणको लागि रोजगारी, तालिम सीप जस्ता विषयमा पहुँच बढाएर आर्थिक रूपमा महिलाको सक्षमतामार्फत समस्याको समाधान गर्ने विषयमा जोड दिइन्छ (Rathgeber E M, 1994)।

### २.३.२ महिला र विकास अवधारणा

महिला र विकास अवधारणा विकासमा महिलाभन्दा परिष्कृत अवधारणा हो। योअवधारणा सन १९७० को अन्ततिर विकास भएको हो। योअवधारणा परनिर्भरता सिद्धान्तमा आधारित रहेको पाइन्छ। यस अवधारणाले महिलाको सशक्तीकरणको लागि सामाजिक कुप्रथा तथा पितृसत्तात्मक समाज बाधक भएको मान्यतालाई जोड दिएको छ। महिलाको विकासको लागि चेतना, ज्ञान, सीप र सशक्तीकरणको अवधारणा अगाडि सारेको 5 (Rathgeber, 1994) .

### २.३.३ लैङ्गिकता र विकास

महिला र विकास तथा विकासमा महिला अवधारणाका सिकाइ तथा सीमाहरूबाट लैङ्गिकता र विकास अवधारणाको जन्म भएको हो। यस अवधारणामा विकासको प्रतिफल महिला र पुरुषले समान रूपमा उपभोग गर्नुपर्छ भन्ने धारणा राखिन्छ। यसले समाजमा रहेको लैङ्गिक भिन्नतालाई जोड दिन्छ (Rathgeber, 1994)।

### २.३.४ सशक्तीकरण सिद्धान्त

यो अवधारणा तेस्रो विश्व केन्द्रित महिलावादसँग नजिक रहेको छ। १९७० को समयमा सशक्तीकरण शब्द शैक्षिक क्षेत्र, सामाजिक सेवा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा प्रयोग गर्ने गरेको पाइन्छ। सशक्तीकरण अहिले आएर राजनीतिक तथा व्यापारिक क्षेत्रमा पनि प्रयोग गर्ने गरिन्छ। १९९० को दशकबाट सशक्तीकरणलाई महिला र विकासको अवधारणासँग जोडेर विश्लेषण गर्न थालिएको छ। यस अवधारणाले सामाजिक न्यायबाट वञ्चित तथा पुरातन दासता र मान्यताले दविएका महिलाहरूलाई अधिकार तथा अवसर प्रयोग गर्न सक्ने बनाउन जोड दिन्छ। यसले महिलाको क्षमता विकासको लागि उनीहरूको सीप, हिम्मत,

शिक्षा तथा अवसरको प्रयोगलाई बढाउन प्रयास गर्छ । महिलाहरूको क्षमता तथा सीपको विकास गर्दै निर्णयको तहमा पहुँच आवश्यक देखाउँछ । समुदायमा महिलाहरूलाई आर्थिक, सामाजिक, राजनैतिक तथा मनोवैज्ञानिक क्षेत्रमा सक्रिय, सक्षम र पहुँचवाला बनाउने प्रक्रिया यस अर्न्तगत पर्दछ । महिलाहरूको विकासको लागि उचित अवसरको उपलब्धताको आवश्यकता रहेको हुन्छ । महिला सशक्तीकरणका आयामहरू आर्थिक, सामाजिक, मनोवैज्ञानिक र राजनीतिक रहेका छन् । संरचनात्मक सीपको विकास तथा आत्मनिर्भरता यस अवधारणाका मुख्य तत्वहरू हुन् (Perkins,1995) ।

पितृसत्तात्मक व्यवस्थाका कारण सदियौँदेखि विभेदको शिकार हुँदै आएका नेपाली महिला उपर हुने ज्यादती हुँदै आएका छन् । अझ एकल महिलाहरू यसको बढी सामाजिक शिकार भएका छन् । समाजमा जस्तोसुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुने सामाजिक घटनामा कमी आउन सकेको छैन । महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसाविरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाइजो दिने वा लिनेलाई कडा कारवाही गरी कुनै पनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने सामाजिक हिंसा कम गर्न सकिन्छ ।

महिलालाई समाजमा परिवर्तन ल्याउनका लागि उचित शिक्षा दिनु जरुरी हुन्छ । त्यसैले छोरीलाई पनि उचित शिक्षा दिनुपर्छ भन्ने भावना हुनु समाजको दायित्व हो । यदि यसो हुन सकेमा सामाजिक रूपमा महिला पनि पुरुष सरहको हक अधिकार भोग गर्न पाउनेछन् भनी शिवसताक्षी नगपालिका वडा नं. ३ का महिलाहरूको सामाजिक अवस्था शीर्षकको शोधपत्र तयार गरेकी छु ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययन तथा अनुसन्धान महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तनका बारेमा जानकारी प्राप्त गर्नु र ती महिलाहरूमा सामाजिक रूपमा कस्तो परिवर्तन आएको छ कि छैन भनी हेर्नका लागि यो अध्ययन केन्द्रित रहने हुँदा यसमा सामाजिक अवस्थाको सम्बन्धमा वर्णात्मक ढाँचामा अनुसन्धान गरी प्राप्त तथ्यहरूको अन्वेषणात्मक र वर्णात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ भने महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी समाजमा विद्यमान तथ्यहरूको पहिचान गरी त्यसको बारेमा व्याख्या र विश्लेषण गरिएको छ। अध्ययनका लागि आवश्यक तथ्याङ्क प्राथमिक र द्वितीय स्रोतबाट लिएकी छु।

## ३.२ नमुना जनसङ्ख्या

प्रस्तुत अध्ययन तथा अनुसन्धान प्रक्रियामा शिवसताक्षी नगरपालिका वडा न.. ३ मा बसोबास गर्ने महिलाहरूको सामाजिक अवस्थाका बारेमा अध्ययनका लागि नमुना छनोट गर्ने क्षेत्रको रूपमा कोशी प्रदेशअन्तर्गत पर्ने झापा जिल्ला शिवसताक्षी नगरपालिकालाई छनोट गरेकी छु। यस नगरपालिकामा जम्मा १५,२९७ घरधुरीमा ७४,३६६ जनसङ्ख्या रहेको छ जसमा पुरुष ३७,९८० र महिला ३८,३८६ रहेका छन्। यस वडामा रहेको ९७८ घरधुरीमा ४८९५ जना जनसङ्ख्या रहेको छ। जसमा महिलाको संख्या २३७९ छ भने पुरुषको २५१६ रहेका छन्। ती जनसंख्यामध्ये उद्देश्यमूलक नमुना छनौटका आधारमा जम्मा ६० घरधुरीलाई अध्ययन क्षेत्र छनौट गरेकी छु। जसमा १ घर परिवारबाट १ जना महिला सदस्यलाई उत्तरदाताका रूपमा छनौट गरेको छु।

## ३.३ तथ्याङ्कका स्रोतहरू

### ३.३.१ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनमा अध्ययनको क्रममा प्राथमिक र द्वितीयक स्रोतबाट तथ्याङ्कहरू संकलन गरिएको छ।

### ३.३.२ प्राथमिक स्रोत

अनुसन्धानकर्ता स्वंय आँफै अध्ययन क्षेत्रमा गई उत्तरदातासँग प्रत्यक्ष भेटेर अन्तरवार्ता, अवलोकन, वैयक्तिक अध्ययन गरी सूचना तथ्याङ्क सङ्कलन गरिएको अनुसन्धान प्रणालीलाई प्राथमिक स्रोतको रुपमा लिएको छु।

### ३.३.३ द्वितीय स्रोत

द्वितीय स्रोतमा महिलाको सामाजिक अवस्था र यसबाट आएको परिवर्तनका बारेमा प्रकाशित लेखरचना, पुस्तक, पत्रपत्रिका, अनलाइन पेज, अप्रकाशित शोधपत्र आदि लिएकी छु। यसका साथै नगरपालिकाबाट पार्श्वचित्र, बुलेटिन तथा अन्य विभिन्न जर्नल, तथा झापा जिल्लालाई द्वितीय स्रोतका रूपमा लिएकी छु।

## ३.४ तथ्याङ्क सङ्कलन विधिहरू

यस अध्ययनका लागि झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं. ३ मा बसोवास गर्ने महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी विभिन्न कुराहरू थाहा पाउनका लागि निम्न तथ्याङ्क सङ्कलनका विधिहरू प्रयोग गरी उनीहरूको वास्तविक सामाजिक अवस्था पत्ता लगाएकी छु।

### ३.४.१ प्रश्नावली विधि

यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन विधिहरूमा प्रश्नावली विधि पनि एक हो। प्रश्नावली निर्माण गरि अन्तर्वार्ता अनुसूचीको प्रयोग गरेकी छु। यो निश्चित ठोस र पूर्व निर्धारित गरेकी छु। धेरै महिलाहरू घरभित्रकै काममा रहने भएकाले र नमुना छनोटमा परेको क्षेत्र ग्रामीण भएकाले प्रत्येक घरमा प्रश्न सोधेकी छु।

### ३.४.२ अन्तर्वार्ता विधि

अध्ययनको क्रममा आवश्यक तथ्याङ्कहरू प्राप्त गर्न व्यक्तिगत रुपमा संरचित र असंरचित विधि मार्फत अन्तरवार्ता लिइएको छ। अन्तर्वार्तामा सम्भाव्य नमूना छनौट विधिबाट छानिएका ३० घरपरिवारका महिलाहरूलाई समावेश गरिएको छ।

### ३.४.३ अवलोकन विधि

यस अध्ययनलाई अगाडि बढाउन तथ्याङ्क सङ्कलन विधिमध्ये अवलोकन विधि पनि अपनाएकी छु। जसअन्तर्गत नमुना छनोटमा परेका महिलाको अवस्था कस्तो रहेको छ ? उनीहरू कस्तो पेसा व्यवसाय गर्दै आएका छन् ? उनीहरूको शिक्षा के कस्तो छ ? उनीहरूको सामाजिक अवस्था कस्तो छ ? भन्ने कुरा प्रत्यक्ष अवलोकन गरी वास्तविक अवस्था पत्ता लगाउन आवश्यकता अनुसार स्थलगत अध्ययन गरी आवश्यक जानकारी र तथ्याङ्कहरूलाई बढी प्रमाणिक र विश्वासनीय बनाउने प्रयत्न गरेकी छु।

### ३.४.४ सामुहिक छलफल विधि

शोध अध्ययनको क्रममा प्राथमिक स्रोत सङ्कलनका निमित्त प्रत्यक्ष रूपमा समुहमा विभाजन गरी सामुहिक छलफल गरेकी छु। जसले गर्दा अध्ययनका लागि आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्न सहज भएको छ। छलफलबाट यस क्षेत्रमा महिलाहरूको सामाजिक अवस्थाबारे छलफल गरी आवश्यकता अनुसार सामग्री लिएकी छु।

### ३.४.५ वैयक्तिक अध्ययन

वैयक्तिक अध्ययन भनेको कुनै एउटा व्यक्तिको मात्र नभएर कुनै पनि व्यक्ति वा घटना प्रकृतिको बारेमा गरिने सम्पूर्ण पक्षको अध्ययन हो। यसमा कुनै पनि अध्ययनको निष्कर्षलाई व्यक्तिगत एकाइ मानी त्यससँग सम्बन्धित सम्पूर्ण पक्षको अध्ययन गरेकी छु। यस शोधमा नमुना छनोटमा परेका क्षेत्रका २ जना महिलाको मात्र वैयक्तिक अध्ययन समावेश गरेकी छु।

## ३.५ तथ्याङ्कको विश्लेषण र व्याख्या

नमुना क्षेत्रमा परेको झापा जिल्ला शिवसताक्षी नगरपालिका वडा नं. ३ मा बसोबास गर्ने महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तनका बारेमा अध्ययन गर्ने क्रममा विभिन्न विधिहरू अपनाई सङ्कलन गरिएको तथ्याङ्कलाई तालिकीकरण गरेकी छु। यसरी सङकलन गरिएको तथ्याङ्कहरूलाई अध्ययनको उद्देश्य अनुरूप विश्लेषण र व्याख्या गरेकी छु।

## ३.६ तथ्याङ्क विश्वसनीयता र प्रमाणिकरण

अनुसन्धानका लागि अध्ययन क्षेत्रबाट नमुना प्रश्नावलीको प्रयोग गरेर तथ्याङ्कको सङ्कलन पश्चात विश्वसनीयता र प्रमाणिकरण कार्य गरेकी छु। अध्ययनको क्रममा प्रयोग गरिने प्रश्नहरू र प्राप्त उत्तरलाई जस्तातस्तै अनुसुचीमा समावेश गरी प्राप्त तथ्याङ्कलाई तालिका, चित्रको आधारमा विश्लेषण तथा व्याख्या गरी निष्कर्षमा पुगेकी छु।

## ३.७ अनुसन्धानको प्राप्ति र निष्कर्ष

यो अध्ययन शिवसताक्षी नगरपालिका वडा नं. ३ का महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन शीर्षकमा रहेर अध्ययनबाट प्राप्त भएका सामग्रीहरू अनुसन्धानको उपलब्धि र निष्कर्षमा समावेश गरेकी छु।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

नेपाल भौगोलिक आकारमा सानो र भौतिक विकासमा पछाडि परे तापनि प्राकृतिक सौन्दर्य, विविध भाषा र संस्कृतिले गर्दा नेपाल देश विदेशका अन्वेषक एवं सौन्दर्यप्रेमीहरूको लागि आर्कषक र उपयोगी भूभागको रूपमा परिचित रहेको देश हो ।

## ४.१ भौगोलिक क्षेत्रको अध्ययन

नेपालको संविधान (२०७२) ले नेपाललाई सात प्रदेशमा पुनःसंरचना गरेको छ । नेपालमा ४६० गाउँपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिका सहित जम्मा ७५३ स्थानीय तह कार्यान्वयनमा छन् । नेपालमा हाल ७७ प्रशासनिक जिल्लाहरू कायम छन् (नेपालमा स्थानीय तथा प्रदेश सरकारको कार्य सञ्चालन र चुनौती (२०७५) ।

कुनै पनि अनुसन्धान गर्नुभन्दा अगाडि भौगोलिक अवस्थितिको अध्ययन गर्न जरुरी पर्दछ । त्यसैअनुरूप यो अध्ययनको क्षेत्र नेपालको कोशी प्रदेश अन्तर्गत रहेको झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं. ३ भएकाले क्रमशः अध्ययनको क्षेत्रको परिचय समावेश गरिएको छ ।

### ४.१.१ कोशी प्रदेशको परिचय

कोशी प्रदेश नेपालको संविधान २०७२ लागू भएपछि विसं २०७२ असोज ३ गते राज्य विभाजन गरी बनेका ७ प्रदेशहरूमध्ये एक हो । देशलाई सङ्घीय ढाँचामा लगेर पुनर्संरचना गर्ने उद्देश्यका साथ स्थापना गरिएको यो प्रदेश नेपालको सबैभन्दा पूर्वी भागमा रहेको प्रदेश हो । वि.सं. २०६८ को जनगणना अनुसार यस प्रदेशमा लगभग ४५ लाख मानिसहरू १७५.६ प्रतिवर्ग किमी जनसंख्या घनत्वको दरले बसोवास गर्छन् (सोनु, २०७८) ।

हिमाली जिल्ला सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङ जाडो हुन्छ उदयपुर, खोटाङ, ओखलढुंगा, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलामसहित आठ जिल्ला कहिले जाडो कतिबेला चिसो हुन्छ तथा झापा, मोरङ र सुनसरी तराईका जिल्लाहरू हुन् यहाँ धेरै गर्मी हुन्छ । प्रशासनिक संरचना अनुसार कोशी प्रदेशमा १४ जिल्लाहरू छन् भने १३७ स्थानीय तहमा विभाजित छन् । १३७ मध्ये १ महानगरपालिका, २ उपमहानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिकाहरू छन् । यस प्रदेशमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ, मोरङ, सुनसरी,

धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु रहेका छन् (प्रदेश नं १ सरकारको आधिकारिक पोर्टल, २०७८) । यसै गरी उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ यो प्रदेश ८६ डिग्री १ मिनेटदेखि ८८ डिग्री ३ मिनेट पूर्वी देशान्तर र २८ डिग्री २ मिनेटदेखि २६ डिग्री ३ मिनेट उत्तर देशान्तरको बीचमा रहेको छ । यस प्रदेशको कूल क्षेत्रफल २५९०५ वर्ग कि. मि. तथा कूल जनसंख्या ४५३४९४३ रहेको छ (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०७५) ।

जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्य रूपमा ब्राम्हण, क्षेत्री, राई, लिम्बू, थारू, लेप्चा, मुस्लिम, तामाङ, गुरुङ, मेचे, कोचे, यादव, राजवंशीलगायतका जातिहरूको बसोबास रहेको छ भने नेपाली, मैथिली, किराँती, तामाङ, लिम्बू, गुरुङ, लेप्चा, मुस्लिम, मगर र थारू भाषा मुख्य रूपमा बोलिन्छन् । विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत कञ्चनजंघाा, मकालु, चोयु, ल्होत्से, जन्नु आदि हिमालहरूको अवस्थितिले मित्रराष्ट्र चीनसँग प्राकृतिक सीमाको काम गरेको छ । यस प्रदेशमा इलामको अन्तुडाँडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चे बजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया लगायतका पर्यटकीय स्थलहरू रहेका छन् । प्राकृतिक सम्पदा, वन्यजन्तु तथा पशुपंछीको संरक्षण गर्ने हेतुले स्थापना गरिएका सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष, कञ्चनजङ्घा संरक्षण क्षेत्रलगायत नेपालकै अग्लो ह्यातुङ झरना तथा टोड्के र पोकली जस्ता ठूला र लामा झरनाहरू पनि यसै प्रदेशमा रहेका छन् ।

सुन्दर पहाड र हिमवत् खण्ड, उच्च हिम शृङ्लालगायत प्राकृतिक सम्पदाले सुशोभित दक्षिणपूर्वी एसियामा अवस्थित नेपाल धार्मिक तथा सांस्कृतिक दृष्टिलेसमेत सम्वृद्ध छ । असंख्य मठ, मन्दिर, पाटी, पौवा, गुम्बा, मस्जिदले भरिपूर्ण नेपालको सूदुरपूर्वमा रहेको प्रदेश नं.१ मा विभिन्न प्रसिद्ध धार्मिक तीर्थस्थलहरू जस्तैः ताप्लेजुङको पाथिभरा देवीको मन्दिर, इलामको माइपोखरी, झापाको अर्जुनधारा र सताक्षी धाम, सुनसरीको बराह क्षेत्र, बूढा सुब्बा, पिण्डेश्वरी, दन्तकाली र रामधुनी, खोटाङको हलेसी महादेवलगायत बराह पोखरी, साल्पा पोखरी, दूधकुण्ड, कालिका देवी, छिन्ताङ देवी, कन्काई आदि प्रख्यात धार्मिक स्थलहरू रहेका छन् । यी स्थलहरूमा स्वदेशी तथा विदेशी तिर्थालुहरूको प्रगाढ आस्था रही आएको छ । वर्षेनी हजारौँ भक्तजन तथा तीर्थयात्रीहरूको आगमनले धार्मिक पर्यटनमा टेवा पुगेको पाइन्छ । यस प्रदेशमा पुवा खोला जलविद्युत आयोजना र थामे जलविद्युत आयोजना

निर्माण भई सञ्चालनमा रहेका छन् भने अरुण तेस्रो जलविद्युत आयोजना प्रमुख प्रस्तावित जलविद्युत आयोजनाभित्र पर्दछ । जलस्रोतमा सम्पन्न यस प्रदेशमा अरुण, तमोर, दूधकोशी, मेची, कन्काई र त्रियुगालगायतका नदीहरू रहेका छन् (पार्श्वचित्र कोशी प्रदेश, २०७६/७७) ।

### ४.१.२ झापा जिल्लाको नामाकरण

राजवंशी, ताजपुरीया, कोच आदि जातिको प्राचिन कालदेखि वसोवास रहि आएको छ । यिनीहरूको आदिवासी भाषामा झापाको अर्थ विर्को अर्थात् ढकनी भन्ने हुन्छ । वर्षौ अघिदेखि वनजंगलले ढाकिएको वा घेरिएको भन्ने अर्थमा त्यस स्थानको नाम झापा रहन गएको भनिन्छ (झापा जिल्लाको वस्तुगत विवरण, २०७८) ।

### ४.१.३ झापा जिल्लाको भौगोलिक अवस्थिति

झापा जिल्ला कोशी प्रदेशको सुदूरपूर्वी तराईको एक विकसित जिल्ला हो । यो जिल्ला समुद्र सतहबाट ५८ मिटरदेखि ५०० मिटरसम्मको उचाईमा अवस्थित छ । धान र चियाको लागि समेत यो जिल्ला राष्ट्रकै अग्रस्थानमा रहेको छ । साथै वंगालबाट वहने मनसुनी वायुको कारणले यहाँ धेरै वर्षा हुने गर्दछ । जम्मा क्षेत्रफल १६०६ वर्ग किमी भएको यस जिल्लाको पूर्व-पश्चिम लम्बाई ४६ कि.मि. र उत्तर-दक्षिण सरदर चौडाई २९ किमी छ । साल, सिसौ, टिक, करम, सिमल, जामुन जस्ता वनस्पति पाइने सदावहार जंगल यहाँ पाइन्छ । बढ्दो जनसंख्याको चाप र दाउराको अधिकतम प्रयोगको कारणले यहाँको जंगल क्षेत्र क्रमशः घट्दै गइरहेको छ । उत्तरमा चुरे क्षेत्र र दक्षिणमा भारतको समथर क्षेत्रले घेरेको यस जिल्लामा हिउँदमा चिसो र ग्रीष्ममा बढी गर्मी हुने गर्दछ (स्थानीय तहहरूको वस्तुगत विवरण झापा, २०७५) । नेपालको सबैभन्दा बढी जनसङ्ख्या भएको जिल्ला झापा जिल्ला पनि पर्दछ । झापा जिल्लाका १५ वटा स्थानीय तहमा जम्मा ८,१२,६५० जनसङ्ख्या रहेको छ ।

## ४.२ नमुना छनोटमा परेको शिवसताक्षी नगरपालिकाको परिचय

नेपाल सरकारले मिति २०७३/११/२७ गतेको राजपत्रमा सूचना प्रकाशित गरी साविक धरमपुर, पाँचगाछी, शिवगन्ज र सतासीधाम गा.वि.स. मिली हाल शिवसताक्षी नगरपालिका गठन गरेको हो । जम्मा ११ वटा वडामा विभाजन गरिएको यस नगरपालिकाको कुल क्षेत्रफल १४५.४८ वर्ग कि.मी. रहेको छ । २०७५ को घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको जनसंख्या ७४,३६६ रहेको छ । यस नगरपालिकाको पूर्वमा कनकाई

नगरपालिका, उत्तरमा इलामको चुलाचुली गाउँपालिका, पश्चिममा कमल गाउँपालिका र दक्षिणमा गौरीगंज गाउँपालिका रहेका छन् ।

### ४.२.१ नगरको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको परिचय

शिवसताक्षी नगरपालिकामा धार्मिक तथा ऐतिहासिक चिल्लागढ, लक्ष्मीनारायण मन्दिर, माइधाम, सताक्षीधाम रहेका छन् भने पाँचपाण्डवको बसोबास यज्ञ स्थल तथा पौराणिक कथामा आधारित शिवसताक्षी मन्दिर रहेको छ । त्यस्तै पर्यटकीय क्षेत्रमा सताक्षी सिमसार, दोमुखा, सताक्षीधाम पर्यटक स्थल, झना तपोवन जस्ता पर्यटन स्थलहरू रहेका छन् । यसका साथै विभिन्न मठ मन्दिर, गुम्बा तथा खोलानाला, नहर, कुलो, पोखरी, सिमसार क्षेत्र तथा हरिया वनहरूले यस नगरपालिकालाई शान्त, आकर्षक र रमणीय बनाएका छन् ( शिवसताक्षी नगरपालिकाको कार्यालय, २०८०) ।

### ४.२.२ नगरपालिकाको वडागत जनसंख्या

तालिका नं. १ : शिवसताक्षी नगरपालिकाको जनसङ्ख्या विवरण

| वडा नं. | घरधुरी | | जम्मा | जनसंख्या | | जम्मा |
|---|---|---|---|---|---|---|
| | घरमुली पुरुष | घरमुली महिला | | पुरुष | महिला | |
| १ | ९७७ | ३३३ | १३१० | ३२१३ | ३२१० | ६४२३ |
| २ | १०८५ | १३५ | १२२० | ३२०४ | २९६८ | ६१७२ |
| ३ | ८५८ | १२० | ९७८ | २५१६ | २३७९ | ४८९५ |
| ४ | १२७० | २५८ | १५२८ | ३७०३ | ३५९९ | ७३०२ |
| ५ | ९३१ | ९९ | १०३० | २३९५ | २४८९ | ४८८४ |
| ६ | ९८७ | १८५ | ११७२ | २९९३ | २८८४ | ५८७७ |
| ७ | १४३९ | २३२ | १६७१ | ३९८९ | ३४४४ | ७४३३ |
| ८ | १६६० | ३२१ | १९८१ | ५०४१ | ४८४५ | ९८८६ |
| ९ | १०७३ | १९३ | १२६६ | ३१४० | २९५७ | ६०९७ |
| १० | १०९४ | २३३ | १३२७ | ३२२७ | ३२१२ | ६४३९ |
| ११ | १४९१ | ३२३ | १८१४ | ३२२७ | ४३९९ | ८९५८ |
| जम्मा | १२८६५ | २४३२ | १५२९७ | ३७९८० | ३६३८६ | ७४३६६ |

स्रोतः स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार झापा जिल्लामा शिवसताक्षी नगरपालिकाको वडागत विवरण हेर्दा यस पालिकामा जम्मा ११ वटा वडा रहेका छन् । ती वडामा जम्मा १५२९७ घरधुरी रहेका छन् । जसमा घरमुली पुरुष १२८६५ र महिला २४३२ छन् भने सो पालिकामा जम्मा पुरुषको जनसंख्या ३७९८० र महिलाको संख्या ३६३८६ गरी जम्मा ७४३६६ रहेको छ । यस अध्ययनबाट शिवसताक्षी नगरपालिकामा महिलाको भन्दा पुरुषको संख्या बढी रहेको देखिएको छ ।

**४.३ उत्तरदाताको उमेरगत विवरण**

शिवसताक्षी नगरपालिका वडा नं ३ मा बसोबास गर्ने महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी अध्ययन गर्दा उमेर जैविकीय आधारमा निर्धारण हुने हुँदा यो निश्चित प्रकारको हुन्छ। उमेरअनुसार नै आश्रित र कार्यवाहक गरी जनसङ्ख्यालाई विश्लेषण गरिन्छ। सामाजिक अधिकार सामाजिक महत्व सामाजिक दायित्व, कर्तव्य र भूमिका आदि सन्दर्भमा समाजमा उमेरले प्रत्यक्ष असर पारेको हुन्छ। यस अध्ययनमा विभिन्न उमेर समुहका महिलाहरूको संलग्नता रहेको पाइन्छ। तलको तालिकामा उत्तरदाताहरूको उमेरको विविधतालाई प्रस्तुत गरिएको छ ।

तालिका नं २ : उत्तरदाताहरूको उमेर सम्बन्धी विवरण

| क.सं | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २०-३० वर्ष | ८ | १३.३३ |
| २. | ३१-४० वर्ष | १५ | २५.०० |
| ३. | ४१-५० वर्ष | २० | ३३.३३ |
| ४. | ५१-६० वर्ष | १० | १६.६६ |
| ५. | ६१ वर्ष भन्दा माथि | ७ | ११.६७ |
| | जम्मा | ६० | १०० |

स्रोत स्थलगत सर्वेक्षण ,२०८०

माथिको तालिका अनुसार उत्तरदाताहरूको उमेर सम्बन्धी विवरण हेर्दा २०-३० वर्षका ८ जना वा १३.३३ प्रतिशत, ३१-४० वर्ष उमेरका १५ जना वा २५.०० प्रतिशत, ४१-५० वर्षका २० जना वा ३३.३३ प्रतिशत, ५१-६० वर्षका १० जना वा १६.६६ प्रतिशत रहेको

पाइयो भने ६१ वर्ष भन्दा माथि उमेर समुहका ७ जना वा ११.६७ प्रतिशत रहेका छन् । समग्रमा हेर्दा यस क्षेत्रमा महिलाहरू सक्रिय रूपमा रहेका ४१ देखि ५० वर्षका सक्रिय रहेको पाइयो ।

### ४.४ उत्तरदाताको जातिगत विवरण

नेपाल सबैको साझा हो भने झैं झापा जिल्लामा पनि विभिन्न जातिहरूको बसोबास गरेको पाइन्छ । जसमा झापा जिल्लामा बसोबास गर्ने मुख्य जाजातिहरूमा खसआर्य, राई, लिम्ब, राजवंशी, धिमाल, सन्थाल (सतार), मेचे, मुण्डा, गनगाई, किसान, नेवार, तामाङ, मगर, ताजपुरिया, थारु, भुजेल, गुरुङ, कुमाल, माझी, झाँगड, ठाकुर, सार्की, गन्धर्व, सुढी, सन्यासी, चमार (हरिजन), डुम, धोवी, लोहार, मुसहर, कोइरी, खत्वे, नुनिया, मारवाडी, मुसलमान र कुर्मी रहेका छन् । जातजाति पनि जनसङ्ख्याको अर्को महत्वपूर्ण विशेषता हो । समाजमा जातका आधारमा पेशा, सामाजिक सम्बन्ध, हैसियत र भूमिका निर्धारण भएको हुन्छ । यस अध्ययन क्षेत्रमा विभिन्न जात र जातिको संलग्नता रहेको पाइन्छ । जातिगत विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका न ३ : उत्तरदाताहरूको जातिगत विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ब्राह्मण, क्षेत्री | २२ | ३६.६६ |
| २. | राई, लिम्बू, तामाङ, मगर | २० | ३३.३४ |
| ३. | नेवार | ७ | ११.६६ |
| ४. | चौधरी | ४ | ६.६७ |
| ५. | अन्य | ७ | ११.६७ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७९

माथिको तालिका अनुसार उत्तरदाताहरूको जातिगत विवरण हेर्दा ब्राह्मण, क्षेत्री २२ जना वा ३६.६६ प्रतिशत, राई, लिम्बू, तामाङ, मगर २० जना वा ३३.३४ प्रतिशत, नेवार ७ जना वा ११.६६ प्रतिशत, चौधरी ४ जना वा ६.६७ प्रतिशत र अन्यमा ७ जना वा ११.६७

प्रतिशत रहेको पाइयो । समग्रमा यस वडामा ब्राह्मण, क्षेत्रीको बसोबास बढी रहेको देखिन्छ ।

### ४.५ उत्तरदाताको धर्मको विवरण

धर्म भन्नाले अलौकिक शक्तिमा विश्वास गर्ने हो । मानवको जीवनमा विभिन्न उद्देश्यको पूर्ति गर्न चाहन्छ तर आफूले त्यसको पूर्ति गर्न नसकेपछि आफ्नो उच्च शक्ति अथवा अदृश्य शक्तिको उपासन गर्दछ । मानव धर्म समाजको सार्वभौमिक तथा सामुदायिक संस्था भएको हुँदा यसले मानवको विश्वास एवम् क्रिया दुवै लाई निर्धारण गरेको हुन्छ । धर्मले मानव समाजको सामाजिक राजनैतिक आर्थिक जीवनलाई प्रभावित गर्दछ भन्ने विश्वासमा संरचनात्मक अवधारणाहरू पाइन्छ भने मार्क्सवादीले धर्मले धर्मलाई मन्द विषको रूपमा पनि लिइएको पाइन्छ । झापा जिल्लामा विभिन्न जातजातिहरूका आ-आफ्नै धर्म तथा सम्प्रदायहरू रहेका छन् । धार्मिक सम्प्रदायका हिसावले यहाँ हिन्दु, बौद्ध, मुस्लिम, इसाई, किराँत आदि नेपालमा रहेका सबै धर्मावलम्बीहरूको बसोबास रहेको छ । धर्म, भाषा, संस्कृति, परम्परा पृथक भए पनि धार्मिक र सांस्कृतिक सहिष्णुता एवं आपसी सद्भाव झापाको मौलिक विशेषता बनेको देखिन्छ । हिन्दू धर्मभित्र पनि श्रीकृष्ण प्रणामी, श्रीवैष्णव, आत्मज्ञान, ॐ शान्ति आदि विभिन्न सम्प्रदायका अनुयायीहरू यस जिल्लामा देखिन्छन् । नेपाल विभिन्न धर्मालम्वीहरूको पवित्र बासस्थानको रूपमा रहेको छ । बौद्ध, क्रिश्चिय, मुस्लिम जस्ता धर्म मान्ने मानिसहरू रहेका छन् । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका न ४ : उत्तरदाताको धर्म सम्बन्धी विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | ३० | ५०.०० |
| २. | बौद्ध | ११ | १८.३३ |
| ३. | इसाइ | २ | ३.३३ |
| ४. | किरात | ९ | १५.०० |
| ५. | अन्य | ८ | १३.३४ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार धर्म सम्बन्धी विवरण हिन्दु धर्म मान्नेहरू ३० जना वा ५०.०० प्रतिशत, बौद्ध धर्म ११ जना वा १८.३३ प्रतिशत, इसाइ २ जना वा ३.३३ प्रतिशत, किरात धर्ममा ९ जना वा १५.०० प्रतिशत र अन्य धर्म मान्नेहरू ८ जना वा १३.३४ प्रतिशत रहेको पाइयो । समग्रमा हेर्दा यस क्षेत्रका मानिसहरू बढी हिन्दु धर्मावलम्बी रहेछन् ।

### ४.६ उत्तरदाताको पेसागत विवरण

नेपाल कृषि प्रदान देश हो। अझ झापा जिल्ला उर्वर जिल्ला भनेर चिनिन्छ। यहाँ अधिकांश क्षेत्र कृषिका लागि उपयुक्त माटो रहेको छ। यस जिल्लाको कुल क्षेत्रफलको ६२.३६ प्रतिशत कृषि उत्पादन योग्य जमिन रहेको छ । यहाँका वासिन्दाको मुख्य पेशा कृषि नै हो । कृषितर्फ मुख्य वाली धान हो । यसका साथै अन्य वालीनालीमा मकै, कोदो, फापर, दाल, गहुँ, जौ आदि रहेका छन् । सुपारी खेती पनि यस जिल्लाको उल्लेख्य व्यवसायको रूपमा विकसित हुँदै गएको देखिन्छ । यस जिल्लाका सुपारी भारततर्फ निर्यात हुने गरेको छ । चिया खेती झापाको महत्वपूर्ण व्यवसाय हो । धान खेत मासेर निकै ठूलो क्षेत्रमा चिया खेती विस्तार हुँदै गएको पाइन्छ । यहाँका चिया उद्योगबाट उत्पादित चिया नेपालभरि बिक्री वितरण हुने गरेको छ । उद्योगको क्षेत्रमा पनि झापा जिल्ला अग्रणी रहेको पाइन्छ । यहाँका प्रमुख उद्योगहरूमा भवन निर्माण गर्ने इँटा र सिमेन्ट, चिया, प्लाइउड, चामल, आँटा, तथा दुग्ध उद्योगहरू रहेका छन् । चिया बगान र यी उद्योगहरूले धेरै मानिसलाई रोजगारी प्रदान गर्दै आर्थिक गतिविधिलाई बढोत्तरी गरिहरेको देखिन्छ। पेशाले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । यही पेशाको आधारमा नै महिलाहरूको सामाजिक आर्थिक अवस्थामा विविधता ल्याउने गर्दछ । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ५ : उत्तरदाताको पेशा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि तथा पशुपालन | ४१ | ६८.३३ |
| २. | व्यापार व्यवसाय | ५ | ८.३३ |
| ३. | नोकरी तथा वैदेशिक रोजगार | ४ | ६.६६ |
| ४. | ज्याला मजदुर | ३ | ५.०० |
| ५. | अन्य | ७ | ११.६७ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार उत्तरदाताको पेशा सम्बन्धी विवरण हेर्दा कृषि तथा पशुपालन ४१ जना वा ६८.३३ प्रतिशत, व्यापार व्यवसाय ५ जना वा ८.३३ प्रतिशत, नोकरी तथा वैदेशिक रोजगार गर्ने ४ जना वा ६.६६ प्रतिशत, ज्याला मजदुरी गर्ने ३ जना वा ५.०० प्रतिशत र अन्य पेसा तथा व्यवसाय गर्ने ७ जना वा ११.६७ प्रतिशत रहेका छन् । समग्रमा यस क्षेत्रका महिलाहरू खेती तथा पशुपालनमा आबद्ध रहेका पाइयो ।

### ४.७ उत्तरदाताको शैक्षिक विवरण

शिक्षा नै मानव जीवनको मुख्य आधार हो । जसले जीवनका कतिपय कठिनाई पार लगाउँछ । शिक्षा नै उज्यालोको सङ्केत मानिन्छ । शिक्षाले महिलाको सामाजिक र आर्थिक स्थितिमा सुधार ल्याउँछ ।

महिलाको शैक्षिक स्थितिले मानवको सम्पूर्ण पक्षमा महत्वपूर्ण भूमिका खेल्दछ । महिलााको साक्षरता दर नै निम्न रहेको छ । शिक्षितभन्दा अशिक्षित महिला वर्गको दर धेरै रहेको देखिन्छ । शिक्षाले महिलालाई सशक्तिकरणतिर लैजान्छ साथै ज्ञान, क्षमता, आत्मविश्वास जस्ता कुराहरूको वृद्धि विकास भएमा मात्र महिलाहरू विकास प्रक्रियामा सहभागी हुन सक्छन् । हरेक मानवीय व्यवहारको उद्भव उसको ज्ञान र शिक्षामा आधारित हुन्छ । जुन व्यक्ति, परिवार र समाज शिक्षित छ, त्यस परिवार र समाजमा मानवीय मूल्य मान्यता र नैतिकताका विरुद्धमा कार्य र व्यवहारहरू हुने सम्भावना कम रहन्छ । शिक्षालाई उमेर र विवाहले असर पार्दछ । नेपाली समाजको सन्दर्भमा विवाहित महिलाले शिक्षालाई अगाडि बढाउने मौका कम पाउछन् । विवाहित महिलाले धेरै नै सामाजिक र आीर्थक बोझ व्यवधानहरूको सामना गर्नुपर्ने हुन्छ ।

कतिपय अवसरहरूबाट उनीहरू वञ्चित हुनुपर्छ । आर्थिक अभाव र सानो उमेरमा विवाह हुनुको कारणले आफ्नो व्यक्तित्व निर्माणमा असर पर्दछ । अशिक्षा अन्धविश्वास र रुढिवादी संस्कारबाट व्याप्त रहेको समाजमा सिर्जना समुहको स्थापना र कार्यप्रगतिको सँगै शिक्षा नै चेतनाको ज्योति हो भन्ने कुरालाई इन्कार धेरै हदसम्म सफल भएको पाइन्छ । महिलाहरू विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, बैठक, भेला आदिमा सहभागी हुनुका साथै अर्थोपार्जनमा सरिक भई केही रकम आर्जन गर्न सक्ने अवस्थामा पुगेकोले छोराछोरीका लागि खर्च गर्न सक्छन् ।

आमाको शैक्षिक स्थिति जे जस्तो भए पनि छोरीलाई पनि समान अवसर र शिक्षा दिनुपर्छ भन्ने कुरामा यहाँका महिलाहरू सचेत देखिएको पाइन्छ। उत्तरदाताहरूको शैक्षिक स्थिति निम्न तालिकाबाट स्पष्ट पारिएको छ।

तालिका नं ६ : उत्तरदाताहरूको शैक्षिक स्थिति सम्बन्धी विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पूर्वप्राथमिक तह | १६ | २६.६६ |
| २. | आधारभूत तह | २६ | ४३.३३ |
| ३. | माध्यमिक तह | ११ | १८.३४ |
| ४. | स्नातक तह | ४ | ६.६६ |
| ५. | स्नातकोत्तर तह | ३ | ५.०० |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण,२०८०

माथिको तालिका अनुसार उत्तरदाताहरूको शैक्षिक स्थिति सम्बन्धी विवरण हेर्दा पूर्वप्राथमिक तह १६ जना वा २६.६६ प्रतिशत, आधारभूत तह २६ जना ४३.३३ प्रतिशत, स्नातक तह ४ जना वा ६.६६ प्रतिशत, स्नातकोत्तर तह ३ जना वा ५.०० प्रतिशत रहेको छ। यस अध्ययनबाट सबैभन्दा बढी आधारभूत तह अध्ययन गरेका पाइयो।

### ४.८ उत्तरदाताको वैवाहिक स्थिति

विवाह एउटा सामाजिक प्रक्रिया हो। यस अध्ययनका क्रममा नमुना छनोटमा परेका महिलाहरूको वैवाहिक अवस्था सम्बन्धी अध्ययन गरिएको छ। जसलाई तलको तालिकामा देखाइएको छ।

तालिका नं ७ : उत्तरदाताको वैवाहिक स्थिति सम्बन्धी विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अविवाहित | ३ | ५.०० |
| २. | विवाहित | ५२ | ८६.६६ |
| ३. | एकल | ५ | ८.३४ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार उत्तरदाताहरूको वैवाहिक स्थितिको विवरण हेर्दा नमुना छनोटमा परेका अविवाहित महिलाहरू ३ जना वा ५.०० प्रतिशत रहेको देखिन्छ। त्यस्तै विवाहित ५२ जना वा ८६.६६ प्रतिशत र एकल महिला ५ जना ८६.६६ प्रतिशत रहेको पाइयो। यस अध्ययनबाट सबैभन्दा बढी विवाहित महिलाहरू रहेछन् भन्ने देखियो।

# अध्याय पाँच

# सामाजिक अवस्थाले महिलाहरूमा आएको परिवर्तन

आजभोलि गाउँ होस् वा शहर जहाँतहीँ महिलाहरूलाई सङ्गठित गराउने साथै उनीहरूको आर्थिक स्थितिमा सुधार ल्याउने र महिला सशक्तिकरण गर्ने उद्देश्यले विभिन्न सामाजिक संघसंस्था, बचत समुह, आमा समुह र सहकारी खुलेको पाइन्छ। जहाँ महिलालाई घरबाट बाहिर निस्की बचत गर्ने बानीको विकास हुन्छ। अध्ययन क्षेत्रभित्र पनि विभिन्न सहकारी बचत समुह, महिला विकास समुहहरू छन्। जसमा धेरै महिलाहरू आबद्ध रहेका छन्। यहाँ महिलाले आर्जन गरेका केही रकम जम्मा गर्ने गरेका छन्। केहीले यस संस्थाबाट ऋण लिएर व्यापार व्यवसाय गरेका छन्। यस्ता समुहहरूले महिलाहरूलाई व्यावसायिक तालिम तथा जनचेतनामूलक कार्यक्रममा सहभागी गराउँछन्।

मानिस चेतनशील प्राणी भएको नाताले ऊ सधैं समाजमा बस्छ। त्यसैले मानवलाई सामाजिक प्राणी पनि भनिन्छ। समाजमा बसेको नाताले व्यक्तिगत कामका अलावा व्यक्तिले सामाजिक कार्य पनि गरेको हुन्छ। सामाजिक कार्य नगर्ने हो भने समाज विकासतिर लम्कन सक्दैन। समाजमा रहेको बाटाघाटा निर्माण गर्नुका साथै मर्मत गर्नु, धारा, पानी, पधेँरो, पाटीपौवा बनाउनु साथै संरक्षण गर्नु, बिग्रेमा मर्मत गर्नु, विद्यालय, वनजंगलका हेरचाह गर्नु, विभिन्न दुःखकष्टमा परेकालाई सहयोग गर्नु, समाजमा समस्या परेकालाई सहयोग गर्नु, उद्धार गर्नु आदि सबै सामाजिक कामअन्तर्गत पर्दछन्। यस्ता कार्यमा विवाहित महिलाहरूको पनि संलग्नता भएका पाइन्छ।

टोलमा केही सामाजिक कार्य गर्दा महिलाहरूले आवश्यकता अनुसार समाजमा अघि बढेको पाइन्छ। जसलाई तल विभिन्न शीर्षक तथा उपशीर्षक र तालिकाबाट प्रष्ट पारिएको छ।

## ५.१ परिवारको आम्दानी परिवर्तनको अवस्था

उत्तरदाताहरूको अनुसार आम्दानीको अवस्था सकारात्मक नै रहेको तर सोचे जस्तो रूपमा आम्दानी बृद्धि नभएको भनेर बताउँछन् र आम्दानीको अवस्था सामान्य नै रहेको भनेर बताउँछन्। जसलाई तालिकामा प्रष्ट पारिएको छ।

तालिका नं ८ : परिवारको आम्दानी परिवर्तनको अवस्था सम्बन्धी विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गरे पनि नगरे पनि उस्तै | ४ | ६.६६ |
| २. | पहिलेभन्दा राम्रो | ३४ | ५६.६६ |
| ३. | अलिअलि फरक | १२ | २०.०० |
| ४. | अन्य | १० | १६.६७ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार परिवारको आम्दानी परिवर्तनको अवस्था सम्बन्धी विवरणबाट के देखिन्छ भने गरे पनि नगरे पनि उस्तै भन्नेमा ४ जना वा ६.६६ प्रतिशत, पहिलेभन्दा राम्रो छ भन्नेमा ३४ जना वा ५६.६६ प्रतिशत, अलिअलि फरक आएको छ भन्नेमा १२ जना र अन्य कुरा बताउनेमा १० जना वा १६.६७ प्रतिशत रहेका छन्। यस अध्ययनबाट पहिलेभन्दा राम्रो भएको छ भन्नेहरू बढी रहेको पाइयो ।

**५.२ आम्दानीबाट गरेका कार्यहरू**

नेपाल पितृ सत्तात्मक भए पनि अहिले समाजमा परिवर्तन भइसकेको अवस्था छ । महिलाहरुले आफूले लिएको शिक्षाबाट आफ्ना परिवारको उचित लालन पालन र शिक्षा दिक्षा दिई आफ्नो बसोबासको व्यवस्था पनि आफैं गरेको देखिन्छ । कतिपय महिलाले त देशको उच्च पद पनि ग्रहण गरिरहेका छन् ।

महिलाले आफूले गरेको बाखा पालन, सब्जी खेती तथा अन्य व्यवसायबाट जीवन धान्ने बताउँछन्। साथै यो व्यावसायको आम्दानीले आबश्यकता पुर्ति भइरहेको बताउँछन्। जीवन जीउने शैलीमा केही फरक भएको बताउँछन्। जस्तै बसोबासबो स्थिति, छोराछोरीको पढाई, स्वास्थ्य स्थिति, सामाजिक सम्बन्ध, व्यवसायिक सङ्गठनको सदस्य साथै सचेतनाको अवस्थामा आम्दानीबाट महत्वपूर्ण प्रभाव परेको बताउँछन्। जसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका नं. ९ : आम्दानीबाट गरेका कार्यहरूको विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | बसोबासको स्थिति (घर,जग्गा) मा | २१ | ३५.०० |
| २. | छोराछोरीको पढाईमा | १२ | २०.०० |
| ३. | सामाजिक सम्बन्धमा | १० | १६.६६ |
| ४. | व्यवसायिक सङ्गठनको सदस्यमा | ४ | ६.६७ |
| ५. | सचेतनाको अवस्थामा | ११ | १८.३४ |
| ६. | अन्य कार्यमा | २ | ३.३४ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार आम्दानीबाट गरेका कार्यहरूको विवरणबाट के देखिन्छ भने महिलाहरूको आम्दानीबाट बसोबासको स्थितिमा परिवर्तन आएको भन्नेमा १४ जना वा २३.३३ प्रतिशत, छोराछोरीको पढाइमा खर्च गरेको भन्नेमा १२ जना वा २० प्रतिशत, सामाजिक सम्बन्धमा १० जना, वयवसायिक सङ्गठनको सदस्यमा ४ जना, सचेतनाको अवस्थामा ११ र अन्य कार्यमा २ जना वा ३.३४ प्रतिशत रहेको पाइयो । यस अध्ययनबाट बसोबास (घर जग्गा)मा खर्च गरियो भन्नेमा सबैभन्दा बढी रहेको पाइयो ।

**५.३ छोराछोरीको पढाइमा भएको परिवर्तन**

उत्तरदाताहरूले छोराछोरकिो पढाइमा भएको परिवर्तनको बारेमा पहिले र अहिलेको अवस्थाको बारेमा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका नं. १० : छोराछोरीको पढाइमा भएको परिवर्तन सम्बन्धी विवरण

| क.सं. | विवरण | पहिले | | अहिले | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | सरकारी | ५२ | ८६.६६ | १२ | २०.०० |
| २. | बोर्डिङ | ८ | १३.३४ | ४८ | ८०.०० |
| | जम्मा | ६० | १०० | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार छोराछोरीको पढाइमा भएको परिवर्तन सम्बन्धी विवरण हेर्दा यस क्षेत्रका महिलाले पहिले सरकारी स्कुलमा ५२ जनाले छोराछोरी पढाउँदा रहेछन् भने अहिले १२ जनाले मात्र सरकारी स्कुलमा पढाएर बाँकी संस्थागत विद्यालयमा पढाएको देखिन्छ । सरकारी विद्यालयमा नपढाई संस्थागत विद्यालयमा पढाउनुको प्रमुख कारण भने विद्यालयमा हुने शैक्षिक गुणस्तर नै रहेको पाइयो । यस क्षेत्रमा सरकारी र संस्थागतको विद्यालयको शैक्षिक गुणस्तरलाई हेर्दा तुलनात्मक रुपमा संस्थागत विद्यालयको गुणस्तर राम्रो रहेको देखियो । त्यस्तै अतिरिक्त क्रियाकलाप एवम् अन्य विविध शैक्षिक सामग्रीहरु समेत सरकारी विद्यालयको तुलनामा सस्थागत विद्यालयको राम्रो देखियो ।

### ५.४ स्वास्थ्य उपचार तरिकामा भएको परिवर्तन

स्वास्थ्य उपचार गर्ने तरिका पनि फरक बन्दै गएको कुरा उत्तरदाताहरू बताउँछन्। उत्तरदाताहरु व्यापार  लगाायत अन्य विभिन्न पेशामा संलग्न भएका पाइयो । उनीहरूमा स्वास्थ्य उपचर गर्ने तरिकामा परिवर्तन, साथै उनीहरू राम्रो अस्पतालमा उपचार गराउने गरेको पाइएको छ । त्यसलाई तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका नं. ११ : स्वास्थ्य उपचार तरिकामा भएको परिवर्तन सम्बन्धी विवरण

| क.सं | विवरण | पहिले | | अहिले | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | धामी झाक्री | ३९ | ६५.०० | १ | १.६६ |
| २. | सरकारी अस्पताल | १५ | २५.०० | १३ | २१.६६ |
| ३. | प्राइभेट अस्पताल वा क्लिनिक | ६ | १०.०० | ४६ | ७६.६७ |
| | जम्मा | ६० | १०० | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार स्वास्थ्य उपचार तरिकामा भएको परिवर्तन सम्बन्धी विवरण हेर्दा यस अध्ययनबाट पहिले धामीझाक्रीकोमा जाने ३९ जना वा ६५.०० प्रतिशत रहेका छन् । भने अहिले धामीकोमा जाने १ जना मात्र रहेका छन् । त्यस्तै पहिले सरकारी अस्पताल जाने १५ जना थिए भने अहिले १३ जना रहेछन् भने प्राइभेट अस्पताल तथा क्लिनिकमा जाने पहिले ६ जना थिए भने अहिले ४६ जना रहेछन् । समग्रहमा हेर्दा यस क्षेत्रका उत्तरदाता पहिलेको भन्दा उपचार विधि परिवर्तन गरि अस्पताल जानेको संख्या राम्रो देखिन्छ ।

सरकारी अस्पताल वा निजी अस्पताल जुन अस्पतालमा गएता पनि अस्पतालमा गएरै उपचार गरेको पाइयो । तुलनात्मक रुपमा सरकारी भन्दा नीजी अस्पतालमा धेरै जानुको कारण चाहीँ नीजी अस्पतालको उपचारको गुणस्तर विधि र सुविधा भने सरकारी अस्पतालको भन्दा अलिक राम्रो भएकोले निजी अस्पतालनै बढीको रोजाईमा परेको थाहा पाउन सकिन्छ ।

### ५.५ सामाजिक सहभागिता भए/नभएको

उत्तरदाताहरूका अनुसार के कुरा स्पष्ट हुन्छ भने उनिहरूमा टोल छिमेकमा पनि सामाजिक कार्यहरूमा सहभागिता रहेको बताउँछन्। उनिहरूमा सकारात्मक नै प्रभाव परेको कुरा बताएका छन्। टोल वा छिमेकमा बैठकहरूमा सहभागीता जनाइरहेको कुरा बताएका छन्। यसरी के बुझिन्छ भने उनीहरूमा सामाजिक हैसियत पनि बढदै गएको भनेर बुझ्न सकिन्छ। यसैलाई तालिकामा प्रष्ट पारिएको छ।

तालिका नं १२ : सामाजिक कार्यमा सहभागिता सम्बन्धी विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नभएको | ७ | ११.६६ |
| २. | भएको | ५३ | ८८.३४ |
| | जम्मा | ६० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार सामाजिक कार्यमा सहभागिता सम्बन्धी विवरण हेर्दा सामाजिक कार्यमा नभएको भन्नेमा ७ जना वा ११.६६ रहेका छन्। भएको भन्नेमा ५३ जना ८८.३४ प्रतिशत रहेको पाइयो ।

### ५.६ सामाजिक कार्यहरू

कोशी प्रदेशमा रहेको झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं. ३  बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक क्षेत्र हो। राई, लिम्बू, कामी, दमाई, राजवंशी, सन्थाल, गनगाई, धिमाल, मेचे, किसान, बाहुन, क्षेत्री, मुण्डा जस्ता जातिहरूको बसोबास रहेको छ। यिनीहरूको चाडवाड मनाउने र मनोरञ्जन गर्ने तरिका, भाषाशैली, भेषभूषा आदि निकै आकर्षक हुने हुँदा यसले जिल्लामा सांस्कृतिक पर्यटनको सम्भावना बढाएको छ। समाजको

पहिचानलाई निश्चित गर्ने निर्णायक कारक तत्वका रूपमा आर्थिक तत्वलाई लिइन्छ। सामाजिक, जीवन, विचार मूल्य, राजनैतिक व्यवस्था, साहित्य कला आदिको निर्धारण आर्थिक उत्पादनमा निर्भर गर्दछ।

नमुना छनोटमा परेका महिलाहरूले आफू कीर्तन टोलीमा आवद्ध महिलाहरूको जीविकोपार्जनमा सघाउ पुऱ्याउन बचत सङ्कलन, ऋण लगानी लगायत समसामायिक चेतनामूलक तालिमहरू नगरबाट दिँदै आएको छ, जस्तैः सामुहिक कृषि तथा तरकारी खेती, निजी लगानीमा पशुपालन गर्दै आएका छन्। आफ्नै व्यक्तिगत लगानीमा घरेलु तथा साना उद्योगहरू जस्तै टोपी बुन्ने, मैनबत्ती बनाउने, मसला प्याक गर्ने जस्ता कार्यहरूबाट महिलाको आयआर्जनमा सहयोग पुगेको छ (स्थलगत अध्ययन, २०८०)।

नमुना छनोटमा परेका वडा नं. ३ का महिलाहरूमा केही उद्यम गर्नुपर्दछ भन्ने भावनाको विकास भई सदस्यहरूको सम्भावित व्यवसायहरू जस्तै तरकारी खेती, पशुपालन, साना तथा खुद्रा पसल स्थापना गर्ने क्रम बढेको छ। महिलाको काम गर्ने समय, कामको प्रकार र निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ। यस क्षेत्रका महिलाले सञ्चालन गरेका कार्यहरू आफ्नो टोली वा समुहमा मात्र सीमित क्रियाकलाप गरेका छैन। यसले धेरै सामाजिक कार्यहरू गरेका छन्। सो क्षेत्रका महिलाको पहलबाट मन्दिरको निर्माण, खानेपानीको ट्याङ्की मर्मत साथै समाजलाई सफा र स्वच्छ राख्नका लागि जथाभावी दिसा पिसाब गर्न दिएको छैन र चर्पी बनाउन प्रोत्साहन गर्दै योजना पार्ने काम गरेका छन्। हरेक महिना खानेपानीको मुहान परिपरी, बाटोघाटो र मन्दिर आदिमा सफा गर्दै आएको पनि पाइयो। यति मात्र नभएर समाजमा तास, जुवा खेलेर रक्सी खाएर समाजलाई नै दुर्गन्धित बनाउने व्यक्तिलाई सम्झाइ बुझाइ लतबाट छुटाउने कोसिस भइरहेको छ। स्वास्थ्य सम्वन्धी जनचेतना फैलाउने जस्ता कार्यहरू पनि गरिरहेको छ। यसबाट के पाउन सकिन्छ भने सिर्जना समुहमा आबद्ध महिलाहरू आर्थिक, सामाजिक कार्यका सार्थ चेतनामूलक कार्यमा पनि अगाडि रहेका र सामाजिक समस्याहरू समाधान गर्न पनि सक्षम भएका छन् ( स्थलगत अध्ययन, २०८०)।

हाम्रोजस्तो पितृसतात्मक सामाजिक समाजमा पुरातन समयदेखि नै समाजमा विद्यमान सामाजिक विसङ्गति र विकृतिहरूको अन्त्य गर्दै महिलाहरू माथि भएको दमन उत्पीडनलाई समाप्त पारी उनीहरूको सामाजिक आर्थिक एवम् शैक्षिक स्तरमाथि पुऱ्याउँदै जाने उद्देश्यका साथ यो क्षेत्रका महिलाहरू अगाडि बढेको देखिन्छ। समाजमा भएका

विभिन्न किसिमका विकृति, विसङ्गति र समयको महत्व नबुझीकन त्यसै अल्मलिरहेका महिलाहरूलाई समेटी यहाँका महिलाहरू अगाडि बढेको पाइन्छ। आफ्नो गतिविधिहरू मार्फत समाजमा विद्यमान फजुल खर्च गर्ने बानी, घरको काममा नै समय खर्चने बानी, घरमा दिउँसो सुतेर, टि.भी. हेरेर समय बिताउने महिला दिदीबहिनीलाई बचत गर्ने बानीका साथै महिलाले पनि सीपमूलक काम, स्वरोजगार, व्यापार व्यवसाय गर्न सक्छन् भन्न र मादक पदार्थ सेवन गरी महिलामाथि हुने दुर्व्यवहार समाप्त पार्नका लागि महिलाहरूलाई जागृत पार्न र पुरुषहरूलाई समयानुकुल सुधारका साथै समाज उत्थानमा महिलाहरूको सशक्त भूमिका हुन्छ भन्ने कुराको अनुभूति दिलाउन समेत सफल भएको पाइन्छ। समाजमा भएको विकृतिको अन्त्यका साथै विभिन्न निर्माण प्रक्रियाहरूमा समेत सहभागी भएको पाइन्छ (स्थलगत अध्ययन, २०८०)।

### ५.७ अध्ययन क्षेत्रका महिलाहरूको विविध गतिविधिको विश्लेषण

यस अध्ययनमा महिलाहरूले गरेका क्रियाकलापहरूमा निजी खेती, बाख्रा पालन, सामुहिक पशुपालन, सरसफाई अभियान, सीपमूलक काम, अर्गानिक तरकारी खेतीका साथै जनचेतनाका कार्यक्रम पनि गरेको पाइन्छ। उनीहरूको गतिविधिहरूबाट समाजमा सुधारको रूपमा देखिएका परिवर्तनहरूलाई निम्न अनुसार सूचिकृत गर्न सकिन्छ :

### ५.७.१ समाजमा विद्यमान विकृतिहरूको अन्त्य

बढ्दो जनसङ्ख्या वृद्धि र बजारीकरणको परिवेशतर्फ अग्रसर तत्कालीन समाजमा देखिएका विभिन्न खालका सामाजिक विकृतिहरूको निराकरणका लागि विगत लामो समयदेखि महिलाहरूले समाजको विकासका लागि खटिरहँदा पनि सुरुमा समाजमा रहेका विकृतिहरूको अन्त्य हुन सकेको थिएन। समय परिवेशलाई मध्यनजर गर्दै महिलाहरूले आफ्नो क्षेत्रलाई मात्रै योगदान पुऱ्याउन सफल भएपछि विस्तारै उनीहरू पुरै वडामा नै सामाजिक कार्य गर्न सफल भएका छन्। विशेषगरी यस क्षेत्रका महिलाहरुको सामाजिक अवस्थालाई परिवर्तन गर्ने तत्वहरुमा महिलाहरुमा शिक्षाको पहुँच, घरपरिवारभित्र निर्णय गर्ने क्षमता, प्रजनन् क्षेत्रमा आफ्नो अधिकार, रोजगारीमा महिलाहरुको सहभागिता आदिमा सकरात्मक परिवर्तन हुनु देखियो। त्यस्तै रुढिवादी परम्परा र पितृसत्तात्मक समाजले गर्दा पछि परेका महिलाहरु ती चूनौतीलाई सामना गर्दै परिवर्तनको लागि पुरुष सरह अधिकार र काम गर्न पाउनु अवसरको रुपमा लिनु रहेको पाइयो।

नमुना छनोटमा परेका महिलाहरूको कीर्तन मण्डलीकी अध्यक्ष धनमाया कुँवरका अनुसार टोलमा अनिश्चित रूपमा रहेको चोरी, जुवातास, लोकल रक्सी वेचविखन, रक्सी खाएर होहल्ला गर्ने र यसका कारण समाजमा अनावश्यक रूपमा झैझगडाहरू हुने गर्दथे । अहिले कीर्तन मण्डली (टोली)ले आफ्ना गतिविधिहरूलाई अघि बढाए पछि समाजमा यस्ता विकृतिहरूको नियन्त्रण हुँदै गएको छ । समाजमा विद्यमान यस्ता विकृतिहरू रोक्नका लागि स्थानीय निकाय (सरकार), समाजसेवी, बालक्लबको सहयोगमा अग्रसर भएर यस टोलमा भित्र्याएका रक्सीका भाँडाहरू तथा रक्सी नियन्त्रण अभियानमा शान्ति र्‍याली गरेर सबैलाई सहभागी गराउन गोष्ठी आदिको सञ्चालन गर्ने अठोट गरेर पटक-पटक रक्सी सेवन गर्ने र जुवातास खेल्नेलाई स्थानीय नेता, समाजसेवीहरू, क्लबका सदस्यहरूको साथसाथै प्रशासनको समेत सहयोगमा कारवाही गराउने अभियान थालियो ।

नमुना छनोटमा परेका महिलाबाट समाज सुधारका कार्यक्रमहरू पूर्णरूपमा सफलता गर्न नसके पनि केही पहिलाभन्दा सुधारिएको छ । यदाकदा लुकीछिपी रक्सी सेवन गर्ने घटनाहरू देखिए तापनि खुल्ला बिक्री सेवनमा कमी आएका पाइन्छ । यसै गरी समाजमा विद्यमान जुवातासको प्रथालाई समेत अन्त्य गर्न सफल भयो । यसले गर्दा टोलका पुरुषहरू एकातिर नियमित जुवातासको धन्दाबाट मुक्त भएका छन् । त्यस्तै उनीहरू सामाजिक निर्माणका साथै अर्थोपार्जनका काममा आफ्नो समय लगाउन थालेपछि आर्थिक स्तरमा सुधार आएको छ । यस टोलमा जथाभावी फोहोर हुन्थ्यो, त्यस्तै खुल्ला दिशा पिसाब गर्ने, नकुहिने प्लाष्टिकहरू जथाभावी फ्याँल्ने अवस्था थियो । यसलाई अन्त्य गर्न सरकारले ल्याएको खुला दिशामुक्त क्षेत्र घोषण तथा फोहोरमुक्त समाज लगायतका कार्यक्रमलाई अभियानको रुपमा यहाँ महिलाहरुले लिई सरकारलाई समेत प्रत्यक्ष रुपमा सहयोग पुग्ने गरी आफ्ना घरमा आधुनिक शौचालय निर्माण कार्यलाई अभियानको रुपमा सुरु गरेकाले अहिले खुल्ला दिशामुक्त बनेको छ । घरघरमा शौचालय बनाउनका लागि नगरपालिका तथा जिल्ला खानेपानी झापा र अन्य सघ संस्थाहरूले पनि सहयोग गरेको पाइन्छ । चर्पी निर्माणपछि यस टोललाई खुल्ला दिशा पिसाब मुक्त क्षेत्रको रूपमा घोषणा गरिएको छ भन्ने जानकारी गंगा न्यौपानेले दिएकी छिन् ।

### ५.७.२ सामाजिक पूर्वाधार निर्माण कार्यमा संलग्नता

नमुना क्षेत्रमा परेका महिलाहरूले सामाजिक रूपमा समाजमा रहेका विभिन्न खालका विकृतिहरूको अन्त्य गर्न सफल भई उत्साहित भएका महिलाहरू आफ्नो समाजमा विभिन्न कार्यहरूमा एकबद्ध भएर जुटेका छन् । मैले यो अध्ययन स्थलगत रूपमा गर्दा सामाजिक विकास निर्माणमा जुट्नका लागि पनि आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहने भएकाले उनीहरू अर्थ सङ्कलन कसरी गर्न सकिन्छ भन्ने अभियानतर्फ लाग्न थालेको देखिन्छ । मैले अध्ययन गर्दा यस क्षेत्रमा विभिन्न सामाजिक कामहरू जस्तै ब्रतवन्ध, विवाह, चन्दा, सिर्जना समुहमा आबद्ध रहेका घर परिवारमा विदेशबाट केही आएमा नाचगान गरेर, देउसी भैलो साथसाथै आफ्नो टोलमा समाजसेवीवाट आर्थिक सहयोग प्राप्त गर्न पनि सामुहिक रूपमा नै लागेर अर्थ सङ्कलन गर्न थालेको पाइन्छ । यस्ता कार्यबाट प्राप्त रकमबाट उनीहरूले समाजमा चाहिने भाँडावर्तन, त्रिपाल, भजन तथा नाचगानका लागि चाहिने बाजागाजा जस्ता सामानहरू खरिद गरेका छन् । यसबाट समाजका महिलाहरू आर्थिक रूपमा सबल रहेको देखिन्छ । यसका साथै विभिन्न निर्माण कार्यमा सहयोग गरिरहेका हुन्छन् । यस क्षेत्रका महिलाहरूलाई सघाउनका लागि उनीहरूलाई थप कार्यमा टोलका पुरुषहरूले समेत सघाएपछि काम गर्न अझ सजिलो भएको छ । यसरी यहाँका महिलाहरूले आर्थिक रूपमा लगानी गर्दै व्यापक रूपमा सामाजिक तथा आर्थिक रूपमा अघि बढ्दै र समाजलाई अघि बढाउँदै स्थानीय सरकारलाई सघाइरहेको देखिन्छ । मैले यो शोधपत्रको अध्ययन गर्दा स्थलगत भ्रमण गरी तथ्याङ्क सङ्कलन गरेकीले आगामी दिनमा पनि समाजमा अगाडि बढ्न चाहने महिलाहरूलाई सघाउ पुऱ्याउँछ ।

### ५.८ महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन

२१ औं शताव्दीमा आइपुग्दा अव महिलाहरूले पनि केही गर्नुपर्दछ भन्ने भावनाको विकाससँग केही अगुवा महिलाहरूले आफ्नो समाजका महिलाहरूलाई सामाजिक रूपमा सवल, सक्षम र स्वाभिमानी बनाउनु पर्दछ भन्ने उद्देश्यका साथ महिलाहरूले आफ्नो गतिविधि मार्फत समाजमा विभिन्न सुधारका कार्यहरू गर्नुका साथै महिलाहरू सशक्त बनाउने कामहरू समेत गरिरहेको छ । महिलाहरूको नेतृत्व विकास, सामाजिक एवम् घरायसी निर्णय प्रक्रियामा अग्रणी भूमिका, सामाजिक असमानता निर्मूल, व्याप्त अन्धविश्वासप्रतिको जागरुकता जस्ता विषयहरूमा युगान्तकारी विकास गरेको छ । यसै

परिप्रेक्षमा अध्ययन क्षेत्रका महिलाहरूले विभिन्न गतिविधिहरू मार्फत सामाजिक अवस्था आएको परिवर्तनलाई निम्न अनुसार सूचिवद्ध गर्न सकिन्छ ।

### ५.८.१ महिलाको नेतृत्व विकास र क्षमता अभिवृद्धि

मानिस जन्मजात अरूमा निर्भर हुने प्राणी हो । सानो छँदा आमाबुबाको हेरचाहमा, त्यसपछि स्कुल तथा कलेज जाने भएपछि शिक्षकको हेरचाहमा, जागिर गर्ने भएपछि जागिर दिनेको हेरचाहमा र जहिले पनि मानिसले कोही न कोही अरूको सहयोग खोजी नै रहेको हुन्छ । धेरै कुरामा अरूमा भर पर्दा मानिसले आफ्नो नेतृत्व गर्ने क्षमता पनि बिस्तारै गुमाउँदै गइरहेको हुन्छ । अझ परम्परागत हिन्दु समाजमा बाँधिएका महिलाहरू हिजोसम्म चुलो चौकोमा मात्र सीमित थिए । कुनै सभा समारोह सामाजिक राजनैतिक सङ्गठनहरूमा समेत सहभागी शून्य थियो । स्वयम् महिलाहरू समेत यस्ता प्रक्रियाहरूमा सहभागी हुन नचाहने प्रवृत्तिले गर्दा पनि उनीहरू यो स्थितिको शिकार बनेका थिए । विशेष गरी सभा, समारोह र बैठक आदिमा महिलाहरू बोल्न लाज मान्ने, निरुत्साहित हुने जस्ता प्रवृत्तिहरू रहँदारहँदै पनि पछिल्लो समयमा आएर महिलाले भजन टोली तथा विभिन्न बैठक र गतिविधिहरूमा निरन्तर रूपमा सहभागी हुँदै गर्दा महिलाहरूमा रहेका कमजोरीहरू हटेर गएको पाइन्छ । मानिसलाई उत्प्रेरित गर्न सक्नु, उचित सम्मान गर्नु, मानिसको क्षमताको कदर गर्नु तथा प्रोत्साहन दिनु र विभिन्न किसिमका सफलता तथा असफलताको भावनालाई व्यवस्थापन गर्नु भावनात्मक बुद्धिको प्रयोग गर्नु हो । महिलाहरूले आफ्ना नियमित बैठकहरूमा भाग लिएको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १३ : महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बैठक तथा भजनमा नियमित उपस्थित हुने | ५७ | ९५.०० |
| २. | लाज तथा परिवारको दबाबका कारण नियमित उपस्थित नहुने | ३ | ५.०० |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी विवरण हेर्दा बैठक तथा भजनमा नियमित उपस्थित हुनेमा ५७ जना वा ९५.०० प्रतिशत

रहेका छन् भने लाज लागेर अथवा परिवारको दबाबका कारण नियमित उपस्थित नहुनेमा ३ जना ५.०० प्रतिशत रहेका छन् ।

## ५.९ नीति निर्माणमा सहभागिता

नेपालमा हालको जनसङ्ख्या विवरण हेर्दा आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरूको उपस्थित नीति निर्माण तहमा दयनीय देखिएको छ । यस पनि हाल आएर राजनीतिक, नेपाली सेना, संविधान सभा तथा राजनीतिमा पनि महिलाहरूको उपस्थिति अन्यन्त न्यून देखिन्छ तर शैक्षिक क्षेत्र तथा निजी क्षेत्रमा भने महिलाहरूको उपस्थिति सन्तोषजनक देखिन्छ ।

संवैधानिक रुपमा हाल महिलाहरु हरेक वडामा २ जना सदस्य (एक खुला महिला सदस्य र एक दलित महिला सदस्य) रहने साथै संविधानले नगरपालिका तथा गाउँपालिकामा समेत विपरीत लिङ्गका नेतृत्व हुनुपर्नेले समेत महिलाको सहभागिता निश्चित हुने गरेको छ । त्यस्तै विभिन्न सरकारी तथा गैरसरकारी संघ, संगठन र स्थानीय सरकारद्वारा गठित विभिन्न विषयगत निकाय, उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघ लगायतका क्षेत्रमा समेत महिलाहरुको स्थान सुनिश्चित हुने र त्यो ठाउँबाट महिलाहरुले नीति निर्माण गर्ने वा नीति निर्माण कार्यमा महिलाहरुको पत्यक्ष स्थान रहेको देखिन्छ ।

अध्ययनका क्षेत्रका महिलाहरू नीति निर्माण गर्ने क्रममा सरसल्लाह सुझाव दिने गर्नुहुन्छ कि हुँदैन भनेर सोध्ने क्रममा उत्तरदाताहरूबाट आएको प्राप्त तथ्याङ्कलाई निम्न अनुसारको तालिकामा देखाउन सकिन्छ ।

तालिका नं. १४ : नीति निर्माणमा सहभागिता सम्बन्धी विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नीति निर्माणमा सहभागी हुन्छु | ४५ | ७५.०० |
| २. | नीति निर्माणमा सहभागी हुन सक्दिन | १५ | २५.०० |
| जम्मा | | ६० | १००.०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार नीति निर्माणमा सहभागिता सम्बन्धी अध्ययन गर्दा नीति निर्माणमा सहभागी हुन्छु भन्नेमा ४५ जना वा ७५.०० प्रतिशत रहेका छन् भने नीति निर्माणमा सहभागी हुन सक्दिन भन्नेमा १५ जना २५ प्रतिशत रहेका छन् ।

## ५.१० नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यमा महिलाको सहभागिता

विश्वको कुल जनसङ्ख्याको ५१ प्रतिशत जनसङ्ख्या महिला तथा बालिकाको संख्या छ । संयुक्त राष्ट्रसंघको सन् २०१८ नोभेम्बरको तथ्याङ्क अनुसार करिब १० प्रतिशत सदस्य राष्ट्रको राज्य प्रमुख वा सरकार प्रमुख महिला छन् । विश्वका कुल सांसदमध्ये करिब २४ प्रतिशत महिला छन् भने ३१ वटा सदस्य राष्ट्रमा १० प्रतिशतभन्दा कम महिला सदस्य छन् । नेपालमा २०७९ सालमा स्थानीय तह, प्रादेशिक, संघीय, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन समेत गरी सबै तहको निर्वाचन सम्पन्न भयो । जसमा देशभरबाट १४ हजार ४ सय २ महिला जनप्रतिनिधि निर्वाचित भएका छन् । दिगो विकासको लक्ष्य नं. ५ को उप-लक्ष्य ५.५ हासिल गर्न समयबद्ध सूचक तय गरी सन् २०३० सम्म महिलाको सहभागिता पुरुष सरह बनाउने तयारी पनि नेपालले गरेको छ (अर्याल, २०७७) । स्थानीय, प्रदेश र संघीय सरकारमा महिला कोटा अनिवार्य तोकिएको छ । जसमा खुल्ला, दलित, मधेसी, थारु जस्ता कोटाहरू सुरक्षित गरिएको छ । त्यस्तै लोकसेवामा पनि शैक्षिक तथा निजामती क्षेत्रमा महिला कोटा सुरक्षित गरिएको छ । त्यस्तैगरी कुनै पनि विकास निर्माण तथा सामाजिक विकास कार्यक्रममा पनि उपभोक्ता समिति गठन गर्दा ९ सदस्यीय उपभोक्ता समितिमा ४ महिलाभित्र एकजना दलित महिला कोटा अनिवार्य गरिएको छ भने ७ सदस्यीयमा ३ महिला अनिवार्य गरिनुले पनि नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यमा महिलाको सहभागिता रहेको छ भन्ने देखाएको छ ।

प्रस्तुत शोधपत्र कोशी प्रदेश शिवसताक्षी नगरपालिका वडा नं ३ मा बसोबास गर्ने महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन सम्बन्धी रहेको छ । झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं. ३ मा रहेका महिलाहरूको नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यहरूमा उत्तरदाताहरूको सहभागिताको अध्ययनलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १५ : नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यमा महिलाको सहभागिता

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नेतृत्व विकास र क्षमता अभिवृद्धिमा सहभागी छु | ५९ | ९८.३३ |
| २. | नेतृत्व विकास र क्षमता अभिवृद्धिमा सहभागी छैन | १ | १.६७ |
| | जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण ,२०८०

माथिको तालिका अनुसार नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यमा महिलाको सहभागिता छु भन्नेमा ५९ जना वा ९८.३३ प्रतिशत रहेका छन् भने नेतृत्व विकास र क्षमता अभिवृद्धिमा सहभागी छैन भन्नेमा १ जना वा १.६७ प्रतिशत रहेको पाइयो। यस अध्ययनबाट महिलाको गतिविधिले सदस्य महिलाहरूमा नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्तो महत्पूर्ण पक्षको विकास गराएको पाइन्छ ।

### ५.११ घरेलु हिंसा तथा अन्य सामाजिक अन्याय हटाउने कार्यमा महिलाको आवाज

हाम्रो समाजमा हुने हिंसा विशेष गरी महिलामाथि हुने घरेलु हिंसा तथा परम्परागत रुढीवादी अन्धविश्वासका कारण महिलाहरूमाथि हुने छोइछिटो (छुवाछुत) लगायतका सामाजिक अन्यायपूर्ण गतिविधिलाई अन्त्य गर्ने कार्यमा सिर्जना समुह सफल भएको देखिन्छ। समाजमा हुने थिचोमिचो, अन्याय र अन्धविश्वास हटाउने क्रममा नमुना छनोटमा परेका महिलाहरू अग्रणी भूमिका खेलेको पाइन्छ। जसलाई तलको तालिकामा देखाइएको छ।

तालिका नं १६ : घरेलु हिंसा तथा सामाजिक अन्याय हटाउने कार्यमा महिलाको आवाज

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक अन्यायमा सक्रिय आवाज उठाउँछु | ४९ | ८१.६६ |
| २. | सामाजिक अन्यायमा अलिअलि आवाज उठाउन सघाउँछु | १० | १६.६६ |
| ३. | गाउँमा जेसुकै गरुन वास्ता गर्दिन | १ | १.६७ |
| | जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार घरेलु हिंसा तथा सामाजिक अन्याय हटाउने कार्यमा महिलाको आवाज भन्नेमा ४९ जना वा ८१.६६ प्रतिशत रहेको पाइयो भने सामाजिक अन्यायमा अलिअलि आवाज उठाउन सघाउँछु भन्नेमा १० जना वा १६.६६ प्रतिशत रहेका छन् भने गाउँमा जेसुकै गरुन वास्ता गर्दिन भन्नेमा १ जना वा १.६७ प्रतिशत रहेको छ ।

## ५.१२ राजनीतिक, घरायसी र सामाजिक निर्णय प्रक्रियामा उत्तरदाताहरूको भूमिका

वर्तमान अवस्थामा देशको राजनीतिक र निर्णायक प्रक्रियामा मतदाता, उम्मेदवार, निर्वाचित पदाधिकारी र निर्वाचन व्यवस्थापन निकायका कर्मचारीका रूपमा महिला र पुरुषको पूर्ण सहभागिता हुनु अति नै आवश्यक छ ।

यस कुरालाई व्यवहारमा उतार्ने श्रेय अन्तर्राष्ट्रिय दस्ताबेजहरूलाई जान्छ, जसका प्रयासले आवश्यक कानूनी आधारशीला खडा भए; सरकार, अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज र व्यावसायिक समुहरूद्वारा महिला सशक्तिकरणलाई दिइएको बढ्दो प्राथमिकता र सशक्त हुँदै आएको महिला आन्दोलनका सन्दर्भमा थुप्रै सकारात्मक विकास भएका छन् र आफ्नो देश कसरी सञ्चालन हुनुपर्छ भन्ने विषयमा महिलाको आवाज पहिलेभन्दा निकै प्रखर भएको छ । महिलाहरूको सामाजिक गतिविधिहरू र विकास निर्माणका कामहरूमा निर्णय गर्दा पुरुषकै हावी रहने गर्दथ्यो ।

महिलाको कुनै पनि भूमिका हुने थिएन । त्यस्तै सरकारी नियममा पूरा गर्न कोटा पुऱ्याउने बाहेक महिलाहरूलाई निर्णय प्रक्रियामा सरिक गराइदैनथ्यो । यसका अतिरिक्त घर परिवारमा पनि महिलाहरूलाई निर्णय प्रक्रियामा सरिक नगराउने चलन विद्यमान थियो । पछि गएर महिलाहरू आमा समुहमा सङ्गठित भई आफ्ना कुराहरू राख्न सक्ने र हक अधिकार समेत खोज्न थाल्ने भइसकेपछि विभिन्न निर्णय प्रक्रियाहरूमा उनीहरूलाई सहभागी गराउन थालियो जसले गर्दा उनीहरूको सामाजिक हैसियत समेत उच्च हुन पुग्यो । यसरी घरायसी र सामाजिक निर्णय प्रक्रियामा सहभागी हुँदा यी महिलाहरूका आवाजलाई समाजले सुन्ने र कार्यान्वयन गर्ने गरेको समेत पाइएकाले पनि समाजमा महिलाहरूको स्थिति निकै सुधार भएको मान्न सकिन्छ । उनीहरूका कुरा समाजमा सुनिने अवस्थाको वारेमा अध्ययन गर्नु जरुरी हुन्छ । यस अध्ययनबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

तालिका नं. १७ : घरायसी र सामाजिक निर्णय प्रक्रियामा उत्तरदाताको भूमिकाको विवरण

| क.स. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | घरायसी निर्णयमा भूमिका निभाएकी छु | २० | ३३.३३ |
| २. | सामाजिक निर्णयमा सक्रिय छु | २५ | ४१.६६ |
| ३. | शिक्षामा क्षेत्रमा सक्रिय छु | ४ | ६.६६ |
| ४. | निजामती क्षेत्रमा सक्रिय छु | ३ | ५.०० |
| ५. | राजनीति तथा अन्य क्षेत्रमा सक्रिय छु | ८ | १३.०० |
| | जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण ,२०८०

माथिको तालिका अनुसार घरायसी र सामाजिक निर्णय प्रक्रियामा उत्तरदाताको भूमिका कस्तो छ भनेर अध्ययन गर्दा घरायसी निर्णयमा भूमिका निभाएकी छु भन्नेमा २० जना वा ३३.३३ प्रतिशत रहेका छन्। त्यस्तै सामाजिक निर्णयमा सक्रिय छु भन्नेमा २५ जना वा ४१.६६ प्रतिशत रहेको पाइयो। त्यस्तै शिक्षा क्षेत्रमा सक्रिय छु भन्नेमा ४ जना वा ६.६६ प्रतिशत, निजामती क्षेत्रमा सक्रिय छु भन्नेमा ३ जना वा ५.०० प्रतिशत छन् भने राजनीति तथा अन्य क्षेत्रमा सक्रिय छु भन्नेमा ८ जना वा १३.०० प्रतिशत रहेका छन्। यस अध्ययनबाट सबैभन्दा बढी सामाजिक निर्णयमा सक्रिय छु भन्नेहरू रहेका छन्।

### ५.१३ महिलाहरूको सञ्चार माध्यममा पहुँच र चासो

विगतमा नेपालमा महिलाहरू सञ्चार क्षेत्रबाट अत्यन्तै टाढा थिए तर हाल आएर महिला अधिकारकर्मी, संघसंस्था र अभियन्ताले नेपाली मिडियामा महिलाहरूलाई पुरुष सरह नै अगाडि बढाएको देखिन्छ। विगतको समयमा महिलाहरूको सञ्चार माध्यमप्रति सहभागिता कम थियो। महिलाहरूको वोल्ने कला, देश विदेशको समसामयिक विषयहरूको बारेमा ज्ञान थिएन। निरन्तर रूपमा वर्तमान आएको परिवर्तन साथै शिक्षामा आएको परिवर्तनको कारण साथै अन्य सामाजिक र विकास निर्माणका कामहरू समेत जुट्नु पर्दा समुहमा आबद्ध महिलाहरूको बोल्ने कला, देश विदेशका समसामयिक विषयहरूको बारेमा आफ्नो दखल बढ्न गयो। जसको कारण उनीहरू देश विदेशका समाचारहरूप्रति चासो राख्न थाले। टोलमा विद्युतीकरण भई करिव सबै घर परिवारमा टेलिभिजन, पत्रपत्रिका र रेडियोको समेत सुविधा भएकोले सञ्चार माध्यम मार्फत प्रसारित समाचारहरूमा समेत रुचि राखेको

पाइन्छ। समुहमा आबद्ध उत्तरदाताहरूले कुन-कुन सञ्चार माध्यम सुन्ने र हेर्ने गर्नुहुन्छ भन्ने धारणालाई निम्न अनुसार देखाउन सकिन्छ।

तालिका नं १८ : सञ्चार माध्यमको उपयोग सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | रेडियो एफ.एम सुन्ने | २१ | ३५.०० |
| २. | टी. भी. हेर्ने/मोबाइल हेर्ने | १९ | ३१.६७ |
| ३. | पत्रपत्रिका पढ्ने | २ | ३.३३ |
| ४. | माथिका सबैं | १७ | २८.३४ |
| ५ | कुनै पनि सुन्निन हेर्दिन | १ | १.६६ |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार सञ्चार माध्यमको उपयोग सम्बन्धी विवरण हेर्दा रेडियो एफ.एम सुन्नेमा २१ जना वा ३५.०० प्रतिशत रहेका छन्। त्यस्तै टी. भी./मोबाइल हेर्नेमा १९ जना, पत्रपत्रिका पढ्नेमा २ जना , माथिका सबै भन्नेमा १७ जना र कुनै पनि सुन्दिन हेर्दिन भन्नेमा १ जना वा १.६६ प्रतिशत रहेका छन्। यस अध्ययनबाट सबैभन्दा बढी टी.भी हेर्ने गरेको पाइयो।

## ५.१४ महिलाको सामाजिक कार्यले समाजमा आएको परिवर्तनको विश्लेषण

महिलाको सामाजिक अवस्थाले रचनात्मक र अन्य स्वाभाविक कार्यहरूको जन्म गराउँछ। जब मानिसहरू सामाजिक कार्यमा आबद्ध हुन्छन्, नियमित भेटघाट, वचत र ऋणको लागि पनि समुहसँग सम्वन्ध हुन्छ। अन्य सदस्यहरूसँग चिनजान र परिचय हुने क्रममा महिलाहरूबीच सहकार्य र सशक्तिकरण हुन्छ। अध्ययन क्षेत्रमा रहेका वडा नं. ३ का महिलाहरू एकै ठाउँमा आबद्ध रहेर सङ्गठित भएका छन्। उनीहरूले आफ्ना वस्तीमा सामाजिक विकृतिहरू बढेको टोलका पुरुषहरूले महिलाहरूलाई हेर्ने दृष्टिकोण राम्रो नभएको, महिलाहरू स्यवम्को पनि चेतना स्तर पनि ज्यादै कम रहेको र सामाजिक र आर्थिक क्षेत्रमा समेत पुरुषहरूको हावी रहेकाले सामाीजक र आर्थिक सचेतना फैलाउनु पर्ने देखिएकाले टोलका महिलाहरू एकबद्ध भई वडाको विकास गरेका छन्। सामाजिक र

आर्थिक अवस्था र यसको स्थापनापछि देखिएका केही सकारात्मक परिवर्तनहरूको बारेमा चर्चा गरिन्छ ।

### ५.१४.१ महिलाहरू सामाजिक कार्यमा सक्रिय हुनु अगाडि समाजको अवस्था

मानिस जन्मेदेखि नमरुन्जेलसम्म समाजका विभिन्न गतिविधि र कार्यमा संलग्न हुन्छ । यस क्रममा उसले समाजले अपनाएका नीतिनियम पालना गर्ने रसो अनुसार व्यवहार गर्ने कार्य सामाजिकीकरण हो । त्यस्तै समाज अनुशासनमा रही सामाजिक उद्देश्य प्राप्तिमा सक्रिय हुने कार्यलाई पनि सामाजिकीकरण भनिन्छ । सामाजिकीकरणले व्यक्तिलाई विभिन्न सामाजिक ज्ञान, सिप, शील, स्वभाव सिकाएर समाजयोग्य बनाउँछ । सामाजिकीकरणले नै व्यक्तिलाई सामाजिक वातावरणमा घुलमिल गराउँछ । क्रमशः ऊ समाजको असल र कुशल नागरिक बन्छ । सिर्जना बचत समुहको स्थापना हुनुभन्दा अगाडि समाजको अवस्था कस्तो थियो भन्ने वारेमा थाहा पाउनु आवश्यक हुन्छ । जुन यसको स्थापनाको प्रमुख जड थियो । यस वडामा महिलाहरू सामाजिक कार्यमा सक्रिय हुनुभन्दा अगाडि सामाजिक र आर्थिक रूपमा महिलाहरूको अवस्था दयनीय थियो । विकास निर्माणको काममा र घरायसी काममा महिलाहरूको नेतृत्व पनि कम थियो । त्यस्तै गरी वडामा जथाभावी रूपमा रक्सी र जुवातास जस्ता विकृतिहरूले समाज आक्रान्त थियो (विमला भट्टराई) ।

महिला सामाजिक कार्यमा सक्रिय हुनु अगाडि समाजमा विद्यमान रहेका विकृतिहरूमा विस्तारै परिवर्तन भएको पाइन्छ । यति हुँदाहुँदै पनि कतिपय समुदायले आफ्नो धार्मिक पूजा आजा, काज क्रियामा समेत अनिवार्य भएकाले जाँड रक्सी सेवन गर्नु पर्ने हुन्छ । निम्न आर्थिक स्थिति हुँदाहुँदै पनि दिनभर काम छाडेर जुवातास खेल्ने तथा रातमा रक्सी सेवन गरी समाजमा होहल्ला गर्ने र परिवारमा पनि कोलाहल फैलाउने जस्ता अमानवीय कार्यहरूमा समेत संलग्न हुन्थे । जसले गर्दा परिवारमा कलह बढेको थियो । परिवारमा आपसी बेमेल गराएको थियो भने अर्कोतिर सामाजिक रूपमा विकृतिहरू फैलिएको थियो ( भागिरथा भण्डारी) ।

टोलमा हुने भै-भगडा र कुटपिट जस्ता घटनापछि समाजका मानिसहरू समस्या समाधानका लागि छलफलमा जुट्थे । कैयौं प्रयासहरू भगडामा गएर टुङ्गिन्थे । यस्तो परिस्थितिमा महिलाहरू टोलका पुरुषहरूबाट थकित थिए । टोलका एकजना समाजसेवी मुख्य सूचनादाताको आधारमा समाजमा विभिन्न विकृति, अन्धविश्वास र कलहले ग्रस्त

थियो । टोलको विकास निर्माण काममा अन्य सामाजिक र आर्थिक कार्यहरूका लागि सभा, सम्मेलन बैठक आदि गर्दा समेत यी क्षेत्रहरूबाट केही पुरुषहरूको मात्र सहभागिता हुने गर्दथ्यो भने महिलाहरूको सहभागिता प्रायः शून्य हुने गर्दथ्यो । सहभागिता भयो भने पनि उनीहरूको बानी नपरेको कारणले समाजका अगाडि उभिन र बोल्न धक मान्ने गर्दथे जसले गर्दा विकास निर्माण र अन्य सामाजिक काममा महिलाहरूको कुनै भूमिका थिएन । महिलाहरू केही सामाजिक पर्वहरू जस्तै तीज, ऋषिपञ्चमी र रत्यौली आदि जस्ता अवसरहरूमा एक आपसमा खुलेर कुरा गर्ने गर्दथे ।

नमुना छनोटमा परेका महिलाहरूका अनुसार सरकारले तोके अनुसारका विभिन्न समितिहरूमा महिलाहरूको उपस्थिति गराउने गरिन्थ्यो तर यसमा पनि टोलका केही अगुवा महिलाहरू मात्रै सहभागी हुन्थे । महिलाहरूको चेतना स्तर न्यून भएकाले पनि टोलमा जताततै फोहोर, दिशा पिसाबले दुर्गन्धित थियो । बाटोमा छेउहरू, चौर, पानी पँधेराको वरिपरि फोहर अथवा दुर्गन्धित थियो । जस्ले गर्दा केही सचेत महिलाहरूले आफ्नो टोलको उल्लेख्य विकासका लागि महिलाहरूले सामाजिक कामहरू गर्ने निर्णय गरे ।

### ५.१४.२ सामाजिक कार्यमा महिलाहरूको सक्रियता

प्रस्तुत शोधपत्रको अध्ययनको क्रममा अध्ययन क्षेत्र झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं. ३ महिलाहरूको सामाजिक र आर्थिक अवस्था न्यून रहेको अध्ययनले पुष्टि गरेको छ। केही अगुवा महिलाहरूले अग्रसरता देखाएर सामाजिक कार्यमा अगाीड बढ्दै गए। यस वडामा धेरै विवाहित तथा थोरै सङ्ख्यामा अविवाहित महिलाहरू र केही एकल महिलाहरू रहेका छन् ।

महिलाहरू सामाजिक कार्यमा प्रमुख कारणको रूपमा स्थानीय अगुवा महिलाहरूको अग्रसरतालाई नै लिन सकिन्छ। समाज सञ्चालनका लागि महिला र पुरुष एक सिक्काका दुई पाटाको रूपमा लिन सकिन्छ जसको फलस्वरूप महिलाको सामाजिक कार्यमा पुरुषहरूको उल्लेखनीय योगदान रहेको पाइन्छ। यसमा पुरुषहरूले प्रदान गरेको हौसलाका कारण महिलाहरू सामाजिक कार्यमा अगाडि बढेका छन्। यसबारेमा उत्तरदाताहरूको प्रतिक्रियालाई निम्न अनुसार चित्रमा देखाउन सकिन्छ। जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं १९ : सामाजिक कार्यमा महिलाहरूको सक्रियता सम्बन्धी विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक कार्यमा सक्रिय छु | ५३ | ८८.३३ |
| २. | सामाजिक कार्यमा सक्रिय छैन | ७ | ११.६७ |
| जम्मा | | ६० | १००. |

स्रोत : स्थलगत सर्वेक्षण ,२०७९

माथिको तालिका अनुसार सामाजिक कार्यमा महिलाहरूको सक्रियता कस्तो रहेछ भनी अध्ययन गर्दा सामाजिक कार्यमा सक्रिय छु भन्नेमा ५३ जना वा ८८.३३ प्रतिशत रहेको छ भने सामाजिक कार्यमा सक्रिय छैन भन्नेमा ७ जना वा ११.६७ प्रतिशत रहेको पाइयो। विशेषत टोलमा रहेका सामाजिक विकृतिहरूलाई हटाउनु आमा समुहको स्थापनाको प्रमुख कारण थियो। जसले महिलाहरूको सामाजिक कार्यमा उल्लेख्य भूमिका खेल्न सक्दथ्यो। तापनि सम्पूर्ण महिलाहरूको चेतनाको स्तर एउटै नभएकाले र वुझाई फरक-फरक भएकाले पनि सम्पूर्ण महिलाहरू एउटै कारणले सङ्गठित भएको पाइँदैन। यसरी प्राप्त तथ्याङ्कले स्थानीय स्तरमा सामाजिक एवम् राजनैतिक रूपमा नेतृत्व प्रदान गरेका पुरुषहरूको सहयोग, सल्लाह र हौसलालाई समेत सिर्जना बचत समुह तथा पाथिभरा कृतन टोलीको स्थापना हुनुमा प्रमुख कारण रहेको पाइन्छ।

### ५.१४.३ स्थानीय महिलाहरूको आर्थिक सुधारमा पारेको प्रभाव

नेपालले आफ्नो पूर्ण सामाजिक तथा आर्थिक सम्भावना हासिल गर्नका लागि महिला तथा पुरुषको समान आर्थिक सुधार गर्नु जरुरी छ। स्थानीय महिलाहरू सक्रिय भएपछि र महिलाहरू सामाजिक कामका साथै आर्थिक रूपमा पनि केही सवल बन्न थालेको कुरा प्रष्ट देखिन्छ। विशेषत बालबच्चाको रेखदेख कृषि श्रम, पशुपालन तथा घरायसी धन्दा जस्ता आर्थिक रूपमा नदेखिने कामहरूमा मात्र लागिरहने र फुर्सदको समयमा टोलमा नै कृषि मजदुरको रूपमा खेताला जाने तथा उक्त आम्दानीले आफ्नो गुजरा समेत टार्न नसकेका महिलाहरू टोलमा सानातिना व्यवसाय बाख्रापालन, तरकारी खेती आदिमा संलग्न रही केही अर्थोपार्जनका काम थालेको पाइन्छ। यसरी प्राप्त आम्दानीमध्ये केही रकम नियमित रूपमा वचत गरी त्यहीमध्येको रकमबाट पालैपालो ऋण सापटी लिएर पुँजी वृद्धि गरी आय आर्जनमा थप भूमिका खेलेको पाइन्छ। जसले गर्दा महिलाहरूमा बचत गर्ने बानी बस्नुको

साथै थप पुँजी सञ्चालन गर्ने हौसला समेत बढेको पाइन्छ । टोलका सबै महिलाहरू कुनै न कुनै रूपमा बचत सङ्कलन कार्यमा संलग्न रहेको पाइन्छ। आफ्नो सुविधा र हैसियत अनुसार महिलाहरू केही रकम मासिक रूपमा बचत गरी परिचालन गरेको पाइन्छ जसलाई तालिकामा प्रष्ट पार्न सकिन्छ ।

तालिका नं. २०.: स्थानीय महिलाहरूको आर्थिक सुधारमा पारेको प्रभाव

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक पक्ष सुधार भएको छ | ५६ | ९३.३३ |
| २. | खासै सुधार भएको छैन | ३ | ५.०० |
| ३. | वास्ता नै गरेको छैन | १ | १.६६ |
| | जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार स्थानीय महिलाहरूको आर्थिक सुधारमा पारेको प्रभाव कस्तो रहेछ भनी अध्ययन गर्दा आर्थिक पक्ष सुधार भएको छ भन्नेमा ५६ जना वा ९६.३३ प्रतिशत, खासै सुधार भएको छैन भन्नेमा ३ जना वा ५.०० प्रतिशत र वास्ता ने गरेको छैन भन्नेमा १ जना वा १.६६ प्रतिशत रहेको पाइयो। यस अध्ययनमा सबैभन्दा आर्थिक पक्ष सुधार भएको छ भन्नेहरू बढी रहेको पाइयो ।

### ५.१४.४ उत्तरदाताको मासिक आम्दानी विवरण

नमुना छनोटमा परेका महिलाहरूको आपसी कीर्तन मण्डली गठन गरी आफ्नो बचतप्रति निकै प्रयत्नशील रहेको कुरा प्रष्ट हुन्छ। आफूहरू बचत सङ्कलित बचत रकम केही महिलाहरूले लिई केही साना तिना व्यवसायहरू सञ्चालन गर्नका लागि प्रयोग गरेको पाइन्छ ।

मुख्यतया ऋण लिएका महिलाहरूले कृषी तथा बाखापालन व्यवसायमा लागेको पाइन्छ। यसरी गरेको व्यवसायबाट मासिक रूपमा आफ्नो बचत ऋणको किस्ता भुक्तानी तथा घर खर्च टार्नमा समेत उल्लेख्य भूमिका खेलेको पाइन्छ। व्यवसायमा लागेका महिलाहरू मासिक रूपमा व्यापार व्यवसाय र कृषिबाट हुने आम्दानीबाट ब्याज तिर्न, अतिरिक्त बचत गर्न पुग्छ कि पुग्दैन भन्ने विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. २१ : ऋण लिएर सञ्चालन गरेको कार्यबाट हुने मासिक आम्दानीको विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मासिक रु. २० हजारसम्म | २१ | ३५.०० |
| २. | २० हजारदेखि माथि | ३९ | ६५.०० |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार ऋण लिएर सञ्चालन गरेको कार्यबाट हुने मासिक आम्दानीको विवरण हेर्दा मासिक रु. २० हजारसम्म गर्नेहरूमा २१ जना वा ३५ प्रतिशत रहेको पाइयो भने २० हजारदेखि माथि भन्नेहरूमा ३९ जना ६५ प्रतिशत रहेको पाइयो ।

**५.१४.५ आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था**

कोशी प्रदेशमा पर्ने झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं ३ का महिलाको सामाजिक अवस्थामा आएको परिवर्तनसम्बन्धी अध्ययन गर्ने क्रममा नमुना छनोटमा परेका यस पालिकाको वडा नं. ३ का महिलाले आफूले पाथिभरा कीर्तन मण्डली (टोली) बाट ऋण लिई व्यवसाय सञ्चालन गरेका महिलाहरू अर्थोपार्जनमा जुटेर सानोतिनो आम्दानी गरी घरायसी खर्च टार्नुका साथै केटाकेटीको पढाइमा समेत खर्च गर्न सक्ने अवस्थामा पुगेको पाइन्छ ।

विशेष गरी महिलाहरू व्यवसायबाट आर्जित रकम आफ्ना सानातिना खर्च जस्तै चुरा, पोते, छोराछोरीको विद्यालय खाजा, कापी, कलम जस्ता आवश्यकता पूरा गर्दै आएका छन् । लगानी गर्ने, घर खर्च जस्तै चिनी, चिया आदिमा खर्च गर्ने र केटाकेटीको पढाइमा कापी, किताबको लागि समेत खर्च गर्ने गरेको पाइयो भने अर्कोतिर उनीहरू समुहबाट लिएको ऋणको साँवा ब्याज मासिक रूपमा भुक्तानी गर्ने गरेको र यो प्रक्रिया नियमित भएको कुरा सिर्जना बचत समुहको कोषाध्यक्ष पद्मा सापकोटाको धारणा छ ।

महिलाहरुले गरेको काम र यसका अतिरिक्त उनीहरूमध्ये अधिकांश महिलाहरू केही रकम वचत गर्न सक्षम रहेको पाइन्छ । उनीहरूको आम्दानीबाट भएको बचतलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं.२२ : आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | संघसंस्थाबाट ऋण लिएर व्यवसाय सञ्चालन गरी बचत गर्ने | ५८ | ९६.६६ |
| २. | संघसंस्थाबाट ऋण लिएर व्यवसाय सञ्चालन गरी बचत नगर्ने | २ | ६.३४ |
| जम्मा | | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८०

माथिको तालिका अनुसार आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था विवरण हेर्दा संघसंस्थाबाट ऋण लिएर व्यवसाय सञ्चालन गरी बचत गर्नेहरूमा ५८ जना वा ९६.६६ प्रतिशत र संघसंस्थाबाट ऋण लिएर व्यवसाय सञ्चालन गरी बचत नगर्नेहरूमा २ जना वा ६.३४ प्रतिशत रहेको पाइयो ।

### ५.१४.६ परिवारका सदस्यले महिलालाई काममा सहयोग गरे नगरेको अवस्था

नमुना छनोटमा परेका महिलाहरूले आर्थिक सबल बनाउन परिवारको भूमिका महत्वपूर्ण हुन्छ। महिलाले आम्दानी गर्नु भनेको महिलाको मात्र आर्थिक उन्नति होइन। सिंगो परिवारको आर्थिक अवस्था सवल हुनु हो। सुरुसुरुका दिनहरूमा परिवारका सदस्य खास गरी पुरुषबाट त्यति ठूलो सहयोग नपाएको भए तापनि वर्तमानमा आएर प्राप्त आम्दानीले आर्थिक हैसियत समेत उठाएकाले परिवारका सम्पूर्ण सदस्यहरूबाट व्यवसायिक काम अथवा समुहले गर्नुपर्ने अन्य कामहरूमा समेत सदस्य महिलाहरूलाई सहयोग पुऱ्याउने गरेका छन्। यो कुराको पुष्टि तलको तालिकाबाट भएको छ।

तालिका नं. २३ : परिवारका सदस्यले महिलालाई काममा सहयोग गरे नगरेको अवस्था

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | परिवारका अन्य सदस्यको सहयोग पाउने | ५३ | ८८.३३ |
| २ | परिवारका अन्य सदस्यको सहयोग नपाउने | ७ | ११.६७ |
| जम्मा | | ६० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण,२०८०

माथिको तालिका अनुसार परिवारका सदस्यले महिलालाई काममा सहयोग गरे नगरेको अवस्था हेर्दा परिवारका अन्य सदस्यको सहयोग पाएका छौं भन्नेमा ८८.३३ प्रतिशत र परिवारका अन्य सदस्यको सहयोग नपाउने ७ जना वा ११.६७ रहेका छन्। यसको आधारमा पनि समाजको विकास निकै तीव्र रूपमा अगाडि बढिरहेको र सामाजिक पक्षमा परिवारका हरेक सदस्यको महत्वपूर्ण भूमिका हुन्छ भन्ने चेतनाको विकास यो समाजमा भएको पाइन्छ ।

### ५.१५ छोरीलाई दिइने शिक्षाप्रति उत्तरदाताहरूको धारणा

अशिक्षा, अन्धविश्वास र रुढीवादी परम्परागत संस्कार भएको समाजमा महिलाहरू सामाजिक रूपमा सक्रिय हुँदै प्रगतिका साथ अगाडि बढेको पाइन्छ । महिलाहरूले स्थानीय सरकार तथा प्रदेश र संघबाट विभिन्न तालिम, गोष्ठी, सेमिनार, बैठक, भेला आदिमा सहभागी हुनुको साथै अर्थोपार्जनमा सरिक भई आयआर्जन गर्ने अवस्थामा पुगेकोले छोराछोरीलाई समान अवसर र शिक्षा दिनुपर्छ भन्ने यहाँका महिलाहरू हाल आएर सचेत भएको पाइन्छ। छोरीलाई दिइने शिक्षाप्रति समाजका महिलाहरूको धारणालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. २४ : छोरीलाई दिइने शिक्षाप्रति उत्तरदाताहरूको धारणा

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोरीलाई शिक्षा दिनुपर्छ | ५६ | ९३.३३ |
| २ | छोरीलाई दिए पनि हुन्छ नदिए पनि हुन्छ | ३ | ५.०० |
| ३. | छोरीले पढेर के काम अर्काको घर जाने जात | १ | १.६६ |
| जम्मा | | ६० | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार समुहमा आवद्ध रहेका धेरै महिलाहरू छोरीलाई उचित शिक्षा दिनुपर्छ भन्नेमा ५६ जना वा ९३.३३ प्रतिशत महिला छोरीलाई शिक्षा दिनु पर्छ भनेका छन् भने छोरीलाई शिक्षा दिए पनि हुन्छ नदिए पनि हुन्छ भन्नेमा ३ जना वा ५.०० प्रतिशत रहेको छ ।

छोरीले पढेर के काम अर्काको घर जाने जात भन्ने १ जना वा १.६६ प्रतिशत रहेको पाइयो । यसले के प्रष्ट पार्दछ भने समाज नारी शिक्षाप्रति सचेत र उदार रहेको छ ।

### ५.१५.१ छोराछोरीको शिक्षाप्रति अभिभावकले समय दिएको नदिएको विवरण

स्थानीय महिलाहरू छोरीको शिक्षाप्रति सचेत हुन थालेपछि छोरीहरू विद्यालय जाने सङ्ख्या उल्लेखनीय रूपमा बढ्यो । उनीहरूले शिक्षामा राम्रो प्रगति पनि हासिल गर्न सफल भएका छन् । यसका लागि घर परिवारले उनीहरूलाई पढ्नका लागि उचित समय व्यवस्था समेत गरिदिएको पाइयो । यस सन्दर्भमा निम्न अनुसारको तथ्याङ्क प्राप्त भएको छ ।

तालिका नं. २५ : छोराछोरीको शिक्षाप्रति अभिभावकले समय दिएको नदिएको विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छोराछोरीलाई पर्याप्त समय दिएको | ४९ | ८१.६६ |
| २. | छोराछोरीलाई समय दिन नभ्याएको | २ | ३.३३ |
| ३. | छोराछोरीले आफैं समय मिलाएको | ९ | १५.०० |
| जम्मा | | ६० | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार महिलाहरूले छोराछोरीलाई पर्याप्त समय दिएको भन्नेमा ४९ जना वा ८१.८८ प्रतिशत रहेको पाइयो । त्यस्तै छोराछोरीलाई समय दिन नभ्याएको भन्नेमा २ जना वा ३.३३ प्रतिशत रहेको पाइयो भने छोराछोरीले आफैं समय मिलाएको भन्नेमा ९ जना वा १५.०० प्रतिशत रहेको पाइयो । यसरी हेर्दा समुहमा आवद्ध महिलाहरू छोराछोरीलाई विद्यालय पठाएर मात्र पुग्दैन, घरमा पढ्ने वातावरण र पर्याप्त समय दिनुपर्छ भन्ने कुरामा सचेत रहेको र छोराछोरीलाई समान शिक्षाको अवसर दिएको पाइयो ।

### ५.१६ प्रौढ कक्षामा परिवारबाट सहभागी भएको विवरण

सिकाइका दृष्टिकोणले बालक र प्रौढमा सिकाइको तरिका, आवश्यकता र अनुभवहरूमा एक रूपता हुँदैन । बालक र प्रौढमा भएका फरक विशेषता र मनोविज्ञानमा भएको फरकपनका कारण उनीहरूको सिक्ने तरिका पनि फरक हुन्छ । त्यसैले बालबालिका र प्रौढको सिकाइ सिद्धान्त पनि फरक हुन्छ । प्रौढहरूको सिकाइ उनीहरूको जीवनको भोगाइ र आत्म निर्देशित हुन्छ । सिकाइका कार्यकलाप गराउँदा प्रौढहरूलाई प्रत्यक्ष रूपमा सहभागी गराउन सकिँदा सिकाइ बढी प्रभावकारी हुन्छ (निरन्तर शिक्षा सहजकर्ता स्वाध्ययन पुस्तिका, २०७४) ।

कुनै पनि समाजको भविष्य हालका केटाकेटीहरूको शिक्षामा निर्भर हुन्छ। वर्तमानमा शिक्षाको अवसर प्राप्त गरेका केटाकेटीहरू भविष्यका शिक्षित र सक्षम नागरिक हुन पुग्दछन्। जुन कुराले समाजलाई सशक्त बनाएको छ। यो पक्षमा आमा समुहमा हुने संलग्नताले यहाँका निरक्षरताभित्र गुम्सी रहेका महिलाहरू सामाजिक रूपमा क्रियाशीलताको फलस्वरूप प्रौढ कक्षा सञ्चालन गरी प्रौढ साक्षरताको अभियानमा समेत जुटि रहेको पाइन्छ। बेलाबेलामा विभिन्न सङ्घ, सस्था र स्थानिय अगुवा कार्यकर्ताहरूको पहलमा सञ्चालन भएका प्रौढ कक्षाहरूमा यस वडाका अन्य क्षेत्रका महिलाहरूको अतिरिक्त यहाँका महिलाहरू पनि संलग्न भएको तथ्य नकार्न मिल्दैन।

यसरी सञ्चालन भएका प्रौढ कक्षाहरूमा सहभागी हुने महिलाहरूमध्ये अधिकांश विवाहित महिलाहरू नै देखिन्छन् भने केही परिवारका अन्य सदस्यहरू यो कार्यक्रमबाट लाभान्वित भएको देखिन्छ। जसलाई तलको तालिमा देखाइएको छ।

तालिका नं. २६ : प्रौढ कक्षामा परिवारबाट सहभागी भएको विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आमा/सासु | २ | ३.३३ |
| २ | छोरी/बुहारी | १ | १.६६ |
| जम्मा | | ३ | ३७.६६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार आमा वा सासु प्रौढ कक्षामा सहभागी भएका २ जना वा ६६.६६ प्रतिशत रहेका छन्। त्यस्तै छोरी वा बुहारी अध्ययन गर्नेमा १ जना वा ३३.३४ प्रतिशत रहेको पाइयो। यसले के देखाउँछ। यसरी महिला साक्षरतामा पुऱ्याएको योगदानले स्थानीय समाजको शैक्षिक विकासमा निकै अग्रणी भूमिका खेलेको कुरा प्रष्ट हुन आउँछ। सरकारले कोही पनि शिक्षाबाट बञ्चित हुनु नपरोस् भनेर विभिन्न किसिमका शिक्षाहरू अपनाए तापनि कतै औपचारिक शिक्षाबाट बञ्चित भएको तर प्रौढ शिक्षामा सहभागी भएको देखिन्छ। यहाँका आमा दिदीबहिनी केही औपचारिक शिक्षाबाट बञ्चित भए पनि प्रौढ शिक्षा पढेर शिक्षित भएको पाइन्छ भने कोही स्वअध्ययन गरेर पनि शिक्षित भएको पाइन्छ।

### ५.१७ महिलालाई समाज र परिवारले हेर्ने दृष्टिकोणमा आएको परिवर्तन

महिलालाई सम्मान दिने असल सामाजिक परम्परा पनि छन्। अधिकांश नेपाली महिलाहरू घरभित्रको काममा मात्र सीमित रहेको पाइन्छ। थोरै मात्रामा आफ्नो क्षमताको प्रदर्शन गरी रोजगार वा सङ्घ संस्थामा आबद्ध भएको पाइन्छ। यस्तो परिस्थितिमा परम्परावादी नेपाली समाजले सामुदायिक विकासकोषमा आबद्ध हुने महिलाहरूलाई सुरुका वर्षहरूमा नकारात्मक दृष्टिकोणले हेरेको भए पनि वर्तमान समयमा आएर उनीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइन्छ।

तालिका नं २७ : महिलाहरूमा सकारात्मक परिवर्तन आएको नआएको विवरण

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | परिवर्तन आएको छ | ५७ | ९५.०० |
| २. | परिवर्तन आएको छैन | ३ | ५.०० |
| जम्मा | | १०४ | १०० |

स्रोत :स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार महिलाहरूमा सकारात्मक परिवर्तन आएको/नआएको सम्बन्धी अध्ययन गर्दा ५७ जना वा ९५.०० प्रतिशतमा महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको र ३ जना वा ५.०० प्रतिशतमा परिवर्तन नआइसकेको अवस्था छ। निष्कर्षमा भन्नुपर्दा महिलाले पनि केही गर्न सकिने रहेछ भन्ने उदाहरण महिलाहरूबाट हुँदै गएको कारण पुरुष प्रधान समाजलाई पनि विश्वास दिलाउन सफल भएको पाइयो। यो महिला सशक्तिकरणको उदाहरणको रूपमा यसलाई लिन सकिन्छ।

### ५.१८ महिलाहरू सक्रिय भएपछि समाजमा आफ्नो हैसियत

नमुना क्षेत्रमा परेको कोशी प्रदेशमा पर्ने झापा जिल्लाको शिवसताक्षी नगरपालिका वडा नं ३ का महिलाहरू सक्रिय भएपछि महिला हिंसा, जुवातास जस्ता सामाजिक समस्या रोक्नका साथै समाज सुधारका कार्यहरू भएका छन्। महिलाहरूले समाजमा मादकपदार्थ सेवन गर्नबाट रोक लगाउनका साथै लागूपदार्थ बेच्ने मान्छेबाट जरिवाना पनि लिन्छ। समाजमा हुने अनैतिक कामको विरुद्ध आवाज उठाउने र कारवाही पनि यो सङ्गठनबाट गरिन्छ। साथसाथै समुहको सदस्यहरूमा आर्थिक समस्या हुँदा वा गाह्रो पर्दा आपसी नियम बनाई आर्थिक कारोबार समेत गरिन्छ। समाजमा कुनै कार्यक्रम सञ्चालन गर्नु परेमा अथवा कुनै

भौतिक पूर्वाधार निर्माण गर्ने कुरामा अथवा अन्य कुनै सामाजिक भेलामा महिलाहरूलाई सामेल गराउने र उनीहरूको धारणा, विचार र सल्लाह लिने चलन निकै कम हुने गर्दछ। तर समुहमा आवद्ध समाजमा महिलाहरूले आफ्नो सामाजिक हैसियतमा पाएको परिवर्तन निम्नानुसार रहेको पाइयो ।

तालिका नं. २८ : महिलाहरू सक्रिय भएपछि समाजमा आफ्नो हैसियत

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जस्ताको तस्तै छ | १ | १.६६ |
| २. | राम्रो हुँदै गएको छ | ३२ | ५३.३३ |
| ३. | धेरै राम्रो भएको | २२ | २१.१६ |
| ४. | घर झगडाले झनै बिग्रिएको | ४ | ६.६६ |
| जम्मा | | ६० | १०० |

स्रोत :स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार आफ्नो हैसियत जस्ताको जस्तै रहेको महसुस गर्ने जम्मा १ जना वा १.६६ प्रतिशत  छन् । राम्रो हुँदै गएको महसुस गर्ने ३२ जना वा ५३.३३ प्रतिशत रहेका छन् । त्यस्तै धेरै राम्रो भएको छ भन्नेमा २२ जना वा २१.१६ प्रतिशत रहेका छन् । त्यस्तै घर झगडाले झनै बिग्रिएको छ भन्नेमा ४ जना वा ६.६६ प्रतिशत रहेका छन् ।

## ५.१९ महिलाहरू सक्रिय भएपछि आएको परिवर्तन

शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता क्षेत्रमा पहुँच बढेकाले महिलाको अवस्थामा सुधारिएको छ । यो परिवर्तनले उनीहरूको जीवन तुलनात्मक रूपमा सहज बनाएको छ। समाजमा महिलाहरूको सम्मानजनक उपस्थिति रहनु, महिलाहरूले पुरुषहरू सरह आफ्नो बुद्धि विवेक प्रयोग गर्न पाउनु, महिलाहरू निरक्षरबाट साक्षरतातर्फ अग्रसर हुनु, आयमूलक सीपको विकास गरी आयस्रोत बृद्धि गर्नु आदिले महिलाहरू सशक्तिकरण तर्फ उन्मुख भएको जनाउँदछ। महिलाहरूलाई भजन टोली गठन भएपछि समाजमा महिलामा आएको परिवर्तन भएको महसुस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.२९ : महिलाहरू सक्रिय भएपछि आएको परिवर्तन

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला साक्षरताको अवसर | ३ | ५.०० |
| २. | स्वास्थ्य र सरसफाइमा वृद्धि | २ | ३.३३ |
| ३. | सामाजिक विकृतिको अन्त्य | ३१ | ५१.६६ |
| ४. | विकास निर्माणमा महिला सहभागिता | १० | १६.६७ |
| ५. | नेतृत्वको विकास | ९ | १५.०० |
| ६ | आय आर्जनमा विकास | ५ | ८.३३ |
| जम्मा | | ६० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०८०

माथिको तालिका अनुसार महिलाहरू सक्रिय भएपछि आएको परिवर्तन सम्बन्धी अध्ययन गर्दा महिला साक्षरताको अवसर प्राप्त गर्ने महिलाहरूमा ३ जना वा ५.०० प्रतिशत रहेको पाइयो। त्यस्तै स्वास्थ्य र सरसफाइमा वृद्धि गरेका २ जना वा ३.३३ प्रतिशत रहेको पाइन्छ। त्यस्तै सामाजिक विकृतिहरूको अन्त्य गर्नेमा ३१ वा ४१.६६ प्रतिशत रहेको छ। विकास निर्माणमा महिला सहभागिता १० जना वा १६.६७ प्रतिशत रहेका छन्। त्यस्तै नेतृत्वको विकासमा ९ जना वा १५.०० प्रतिशत रहेको पाइन्छ भने आय आर्जनमा विकास गर्नेमा ५ जना वा ८.३३ प्रतिशत रहेको पाइन्छ।

यसबाट के थाहा पाउन सकिन्छ भने महिलाहरू समुहमा आवद्ध भएपश्चात सामाजिक सशक्तिकरणमा उल्लेखनिय रूपमा अग्रसर भएको र सकारात्मक परिवर्तन भइ महिलाहरूको सामाजिक, आर्थिक स्तरमा उन्नति भएको पाइयो। विशेष गरी तत्कालिन समाजमा विद्यमान सामाजिक र आर्थिक सशक्तिकरणको उद्देश्य लिएर टोलका अगुवा महिलाहरूको सक्रियता र केही पुरुषहरूको सहयोगमा सिर्जना बचत समुहको स्थापना भएपछि सो स्थानमा रहेका महिलाहरूको सामाजिक, आर्थिक र शिक्षा एवं स्वास्थ्य सम्बन्धी चेतनाको स्तर अभिवृद्धि हुनुका साथै सामाजिक विकृतिहरूको समेत अन्त भएको देखिन्छ।

## ५.२० वैयक्तिक अध्ययन

प्रस्तुत शोधपत्र तयारीका क्रममा अध्ययन गर्दा व्यक्तिगत अध्ययन गर्नु आवश्यक हुन्छ। त्यो अध्ययन गर्न स्थानीय सिर्जना बचत समुह तथा पाथिभरा कीर्तन टोलीमा रहेका महिला दिदीबहिनीहरूको वैयक्तिक अध्ययन गरेकी छु।

**क) राधिका खनाल (अध्यक्ष माता नवदुर्गा सहकारी मातहतको सृजना बचत समुह)**

झापा जिल्ला शिवसताक्षी नगरपालिका वडा नं. ३ मा बसोबास गर्दै आइरहेकी राधिका खनाल यस समुहकी अध्यक्ष हुन्। मैले कक्षा ५ सम्मको अध्ययन गरेकी छु। मेरो जन्मथलो पाँचथर जिल्लाको एकतिन हो भने कर्मथलो शिवसताक्षी नगरपालिका बनेको छ। यस टोलमा बुहारीको रूपमा भित्रिएकी थिएँ। मेरो दिनचर्या गृहिणीमा सीमित थियो। म २०७२ सालमा समुहको स्थापना भएपछि घर परिवार, श्रीमान् र आफ्नै इच्छाको कारण यस समुहमा आबद्ध छु। सुरुमा म घरको काममा मात्र सीमित थिएँ। समुहमा आबद्ध भइसकेपछि घर बाहिरको काम गर्न पनि सक्षम भएकी छु। यसमा आवद्ध भएपछि समाजमा हुने भेलाहरूमा समुहका सदस्यहरूबीचमा अन्तरक्रिया गर्न सक्षम भएकी छु। समुहमा आबद्ध भएपछि यस समुहबाट मैले ऋण लिई कृषि फर्म, बाखा पालनलाई आन्तरिक राजस्व कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा दर्ता गरी सो बाट व्यापार व्यवसाय गरेर घर खर्च चलाउन सजिलो भएको महसुस गरेकी छु। मैले एक्लैभन्दा समुहमा आबद्ध भएर गरेको कामले समस्याको समाधान गर्न सजिलो भएको छ। म लगायत मेरा परिवारको जीवनस्तरमा सुधार आएको र घर खर्चको लागि अर्थोपाआर्जन गर्न सहयोग पुगेको छ। आफूमा क्षमता भए जे काम गर्न पनि सकिँदोरहेछ। पुरुषमा मात्रै भर पर्नु पर्दोरहेछ भन्ने छैन। कुनै पनि काम निरन्तरता दिइरहे सफल भइनेरहेछ भन्ने ज्ञान पाएकी छु। म अहिले यो टोलीमा बसेर काम गरिरहेकी छु र यसबाट हुने गरेका कामबाट पनि सन्तुष्ट छु।

**ख) सावित्रा भट्टराई (कीर्तन टोलीकी अध्यक्ष)**

मेरो नाम सावित्रा भट्टराई हो। म यस कीर्तन टोलकी संस्थापक अध्यक्ष हुँ। मैले कक्षा २ पास गरेकी छु। मेरा २ छोरा र ३ छोरी छन्। मेरो विवाह २०३५ सालमा ताप्लेजुङ निवासी रुद्र भट्टराईसँग भएको हो। मेरा श्रीमान्ले अर्की श्रीमती ल्याएर बसेका छन्। म आफूसँग सीप र ज्ञान भएर पनि सामाजिक परिवेशको कारण खुम्चिएर आफू बस्नुपर्ने बाध्यता थियो। परिवार र समाजले मप्रति गर्ने व्यवहार त्यति राम्रो थिएन। अनावश्यक रूपमा अपमानित भएर बस्नुपर्थ्यो। समाजको त कुरा धेरै परको भयो मलाई कुनै पनि छलफल र

निर्णयमा सहभागी गराइदैनथ्यो । २०७० सालमा यस कीर्तन टोलीको स्थापना भएपछि म सक्रिय रूपमा काम गर्दै गए । जब कीर्तन टोलीको स्थापना गर्ने कुराको छलफल हुन थाल्यो मलाई निकै उत्साह दिन थाल्यो । मलाई कीर्तन टोलीको स्थापनामा विशेष मन जान थाल्यो र मैले यो कीर्तन टोलीको स्थापना भएपछि अध्यक्षको जिम्मेवारी सम्हाल्दै आएकी छु । त्यसैले अहिले मेरो जीवनमा परिवर्तन आएको छ । सुरुको अवस्थादेखि निरन्तर रूपमा यस टोलीमा जुट्दै आएकी थिए । सुरु सुरुमा अलिक गाह्रो भएको, बाजागाजा थिएनन् । किन्नका लागि हातमा पैसा नभएको र समाजमा पनि आफ्नो क्षमता प्रस्तुत गर्न नपाइसकेको अवस्थामा समुहमा रहेर काम गर्दा सामाजिक र आर्थिक रूपमा धेरै सङ्घर्ष गर्नु परेको थियो । परिवारका सदस्यबाट पनि काम गर्नको दुःखले टोल डुल्न थाली भन्ने जस्ता आरोप पनि खेप्नु पऱ्यो । टोलका महिलाहरूलाई समुहमा आबद्ध गर्न पनि सुरुमा ठूलो सङ्घर्ष गर्नु परेको तर पनि साहस बटुल्दै निरन्तर रूपमा समुहमा क्रियाशील रहेँ । यसमा केही साथीहरूको मिहिनेत धेरै छ । अहिले धेरै राम्रो भएको छ । आफ्नो आधारभूत आवश्यकता परिपूर्तिका लागि सक्षम भएकामा म मात्र होइन समुहका लगभग सबै साथीहरू परनिर्भर हुन नपरेकामा दङ्ग छन् । पालिकाबाट कृषि तालिम, बाखा पालन सम्बन्धी तालिम, विभिन्न सीपमूलक तालिम लिएपछि दैनिक क्रियाकलापमा पनि सजिलो भएको छ । महिलाहरूलाई सामाजिक र आर्थिक रूपमा सशक्त बनाउनमा सफल भएको छ । समाजमा मेरो काम र अनुभवका कारण अहिले परिवारका सदस्यहरूले र समाजले मप्रति गर्ने व्यवहारमा पनि परिवर्तन आएको छ । अहिले बाखा पालन तथा व्यवसायिक तरकारी खेतीलाई मैले आयआर्जनको माध्यम बनाएको छु । जुनसुकै कामलाई निरन्तरता दिन सके अवश्य सफल भइन्छ । विरोध गरेर भन्दा विकास गरेर जित्न सकिने भन्ने पाठ मैले आफ्नै अनुभवबाट सिकेकी छु । अब म सक्रिय भएर निरन्तर रूपमा समाजमा अगाडि बढ्न सकेकी छु र अरु सदस्यहरूलाई प्रेरणा, हौसला र सहयोग दिइरहनेछु । यस संस्थामा आबद्ध हुनुभन्दा अगाडि सामाजिक, आर्थिक क्षेत्रमा मेरो जीवन दयनीय अवस्थामा रहेको र आफू सक्रिय भएपछि सामाजिक र आर्थिक क्षेत्रमा परिवर्तन आएको र सन्तुष्ट भएको महसुस गरेकी छु । हामीले गाउँघरमा पूजा, पुराण जस्ता कार्यक्रममा कीर्तन गर्दै आएका छौं ।

## अध्याय छ

# सारांश, उपलब्धि, निष्कर्ष र सुझाव

### ६.१ सारांश

नेपाल हिन्दु दर्शनबाट प्रभावित पुरूष प्रधान समाज हो। यहाँको सामाजिक संरचनाको प्रत्येक इकाइमा पितृसत्ताको प्रभाव छ। प्रायः महिलाहरू घरायसी एवं कृषि कार्यमा संलग्न रहेका छन् भने पुरूषहरू सार्वजनिक एवं गैर कृषि कार्यमा संलग्न रहेका छन्। घर परिवारमा महिलाको नाममा सम्पत्ति छैन। घरमा आर्थिक लगायत सबै कार्यको निर्णय पुरूषद्धारा हुन्छ। सामान्य महिलाको आर्थिक अवस्था पुरूषको भन्दा कम रहेको छ। तर सामाजिक तथा आर्थिक विकासमा महिलाहरूको भुमिका भने ज्यादै महत्वपुर्ण रहेको छ। यो नेपाल लगायत विकसित मुलुकहरूको वस्तुपरक यथार्थ हो। यो अध्ययन ६० जना महिलाहरूलाई सूचनादाताको रूपमा लिई उनीहरूलाई संरचित अन्तरवार्ता लिई, प्राप्त तथ्य एवं सूचना जानकारी र यस विषयसँग सम्बन्धित विभिन्न पत्रपत्रिका अप्रकाशित शोधपत्र आदिको आधारमा उल्लेख गरिएको छ। समय र समाज परिवर्तन हुँदा महिलाहरू पनि आफ्ना पुराना पेशाहरू त्याग्दै नयाँ पेशाहरू अंगाल्दै हरेक पक्षहरूमा सकारात्मक परिवर्तनहरू भएको पाइन्छ। उनीहरू स्वावलम्बी हुँदै जानुका साथै अन्य पक्षहरूमा पनि परिवर्तन र विकासले सही बाटो लिइरहेको पाइन्छ।

### ६.२ उपलब्धि

महिलाहरुको सामाजिक अवस्थामा आएको परिवर्तनः झापा जिल्ला शिवशताक्षी नगरपालिका वडा नं. ३ मा गरिएको एक समाजशास्त्रीय अध्ययनको प्रमुख प्राप्तिहरुः

- ✓ यस अध्ययन क्षेत्रमा विगतमा समाजमा पितृसतात्मक सोचका कारण महिलाहरु घरको दासी भएको, जस्तै घरभित्रको कार्यमा सिमित, निर्णय प्रकियामा महिलाको भूमिका केहि पनि नरहेको अवस्था हाल परिवर्तन भएर महिलाहरु घरभित्रको कार्य एवम् निर्णय प्रक्रियामा सहभागिता तथा पहुँच रहेको पाइयो।

- ✓ अध्ययन क्षेत्रमा विगतमा महिलाहरूमाथि भएका हिंसाहरूमा पिडक पक्षका रुपमा श्रीमान, सासु, ससुरा, नन्द, आमाजु, देवर हिंसा र श्रीमानबाट गालीगलौज र

कुटपिटबाट पिडा भोगेका महिलाहरू हाल त्यस्तो कुनै पनि हिंसा वा समस्याबाट पीडित हुनु नपरेको पाइयो । साथै महिलाहरुलाई परिवारका सबै सदस्यहरुबाट घरायसी कामहरुमा समेत सघाउने गरेको पाइयो ।

- ✓ अध्ययन क्षेत्रमा महिलाहरूले उत्तरदाताहरूको उमेर सम्बन्धी विवरण हेर्दा २०-३० वर्षका ८ जना वा १३.३३ प्रतिशत, ३१-४० वर्ष उमेरका १५ जना वा २५.०० प्रतिशत, ४१-५० वर्षका २० जना वा ३३.३३ प्रतिशत, ५१-६० वर्षका १० जना वा १६.६६ प्रतिशत रहेको पाइयो भने ६१ वर्ष भन्दा माथि उमेर समुहका ७ जना वा ११.६७ प्रतिशत रहेको पाइयो ।

- ✓ अध्ययन क्षेत्रमा परिवारको आम्दानीमा सकरात्मक परिवर्तन भएको पाइयो । जसलाई परिवारको आम्दानी पहिले तथ्यगत रुपमा गरे पनि नगरेपनि उस्तै ६.६६ प्रतिशत, अलिअलि फरकमा २० प्रतिशत र अन्य मा १६.६७ रहँदा पहिलेभन्दा राम्रोमा ५६.६६ पतिशत रहेको पाइयो ।

- ✓ यस अध्ययन क्षेत्रमा पहिले धामीझाक्रीकोमा जाने ३९ जना वा ६५.०० प्रतिशत रहेको, भने अहिले धामीकोमा जाने १ जना, सरकारी अस्पताल जाने १५ जना थिए भने अहिले १३ जना रहेछन् भने प्राइभेट अस्पताल तथा क्लिनिकमा जाने पहिले ६ जना थिए भने अहिले ४६ जना रहेछन् । उत्तरदाताहरु पहिलेको भन्दा उपचार विधि परिवर्तन गरि अस्पतालमा गएरै उपचार गरेको पाइयो ।

- ✓ यस अध्ययन क्षेत्रमा सुरुमा महिलाहरु समाजमा घटेका सामाजिक घटनाहरुसँग चासो राख्न पुरुष प्रधान समाजका कारण डराउने गर्दथे भने अहिले महिलाहरुले सामाजिक घटनाहरुमा चासो राख्ने मात्र नभई त्यस्ता सामाजिक घटनाविरुद्ध सचेतनामूलक कार्यक्रमहरु आयोजना गर्ने र समाधानका उपाहरुसमेत महिलाहरुबाट नै हुने गरेको पाइयो ।

### ६.३ निष्कर्ष

नेपालमा विद्यमान सर्वे ऐन, कानुनहरूले महिला र पुरुषहरूलाई समान अधिकार प्रदान गरेका छन्। तर नेपालका अधिकांश महिलाहरूलाई आफ्नो हक र अधिकारका विषयमा ज्ञान छैन। आफ्नो समाज तथा समुदायभित्र उनीहरूको सामाजिक स्तर राम्रो देखिन्छ। तर समुदाय वा समाजहरूसँग तुलना गर्दा यस समुदायका महिलाहरू अझ बढी दलित र पिछडिएका देखिन्छन्। यस अध्ययनको क्रममा प्राप्त विभिन्न संख्यात्मक र गुणात्मक तथ्यांकहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ। यस अध्ययनबाट निम्न निष्कर्ण निस्किएको छ। जसलाई तल बुँदागत रूपमा समावेश गरिएको छ।

- उत्तरदाताहरूको उमेर सम्बन्धी विवरण हेर्दा २०-३० वर्षका ८ जना वा १३.३३ प्रतिशत, ३१-४० वर्ष उमेरका १५ जना वा २५.०० प्रतिशत, ४१-५० वर्षका २० जना वा ३३.३३ प्रतिशत, ५१-६० वर्षका १० जना वा १६.६६ प्रतिशत रहेको पाइयो भने ६१ वर्ष भन्दा माथि उमेर समुहका ७ जना वा ११.६७ प्रतिशत रहेका छन्।

- उत्तरदाताहरूको जातिगत विवरण हेर्दा ब्राह्मण, क्षेत्री २२ जना वा ३६.६६ प्रतिशत, राई, लिम्बू, तामाङ, मगर २० जना वा ३३.३४ प्रतिशत, नेवार ७ जना वा ११.६६ प्रतिशत, चौधरी ४ जना वा ६.६६ प्रतिशत र अन्यमा ७ जना वा ११.६६ प्रतिशत रहेको पाइयो।

- धर्म सम्बन्धी विवरण हिन्दु धर्म मान्नेहरू ३० जना वा ५०.०० प्रतिशत, बौद्ध धर्म ११ जना वा १८.३३ प्रतिशत, इसाइ २ जना वा ३.३३ प्रतिशत, किरात धर्ममा ९ जना वा १५.०० प्रतिशत र अन्य धर्म मान्नेहरू ८ जना वा १३.३४ प्रतिशत रहेको पाइयो।

- वैवाहिक स्थितिको विवरण हेर्दा नमुना छनोटमा परेका अविवाहित महिलाहरू ३ जना वा ५.०० प्रतिशत रहेको देखिन्छ। त्यस्तै विवाहित ५२ जना वा ८६.६६ प्रतिशत र एकल महिला ५ जना रहेको पाइयो। आम्दानीबाट गरेका कार्यहरूको विवरणबाट के देखिन्छ भने महिलाहरूको आम्दानीबाट बसोबासको स्थितिमा परिवर्तन आएको भन्नेमा १४ जना वा २३.३३ प्रतिशत, छोराछोरीको पढाइमा खर्च गरेको भन्नेमा १२ जना वा २० प्रतिशत, सामाजिक सम्बन्धमा १० जना,

वयवसायिक सङ्गठनको सदस्यमा ४ जना, सचेतनाको अवस्थामा ११ र अन्य कार्यमा २ जना वा ३.३४ प्रतिशत रहेको पाइयो ।

- छोराछोरीको पढाइमा भएको परिवर्तन सम्बन्धी विवरण हेर्दा यस क्षेत्रका महिलाले पहिले सरकारी स्कुलमा ५२ जनाले छोराछोरी पढाउँदा रहेछन् भने अहिले १२ जनाले मात्र सरकारी स्कुलमा पढाएर बाँकी बोर्डिङ स्कुलमा पढाएको देखिन्छ । सामाजिक कार्यमा सहभागिता सम्बन्धी विवरण हेर्दा सामाजिक कार्यमा नभएको भन्नेमा ७ जना वा ११.६६ रहेका छन् । भएको भन्नेमा ५३ जना ८८.३४ प्रतिशत रहेको पाइयो । घरेलु हिंसा तथा सामाजिक अन्याय हटाउने कार्यमा महिलाको आवाज भन्नेमा ४९ जना वा ८१.६६ प्रतिशत रहेको पाइयो भने सामाजिक अन्यायमा अलिअलि आवाज उठाउन सघाउँछु भन्नेमा १० जना वा १६.६६ प्रतिशत रहेका छन् भने गाउँमा जोसुकै गरुन वास्ता गर्दिन भन्नेमा १ जना वा १.६७ प्रतिशत रहेको छ ।

- घरायसी र सामाजिक निर्णय प्रक्रियामा उत्तरदाताको भूमिका कस्तो छ भनेर अध्ययन गर्दा घरायसी निर्णयमा भूमिका निभाएकी छु भन्नेमा २० जना वा ३३.३३ प्रतिशत रहेका छन् । त्यस्तै सामाजिक निर्णयमा सक्रिय छु भन्नेमा २५ जना वा ४१.६६ प्रतिशत रहेको पाइयो । त्यस्तै शिक्षामा क्षेत्रमा सक्रिय छु भन्नेमा ४ जना वा ६.६६ प्रतिशत, निजामती क्षेत्रमा सक्रिय छु भन्नेमा ३ जना वा ५.०० प्रतिशत छन् भने राजनीति तथा अन्य क्षेत्रमा सक्रिय छु भन्नेमा ८ जना वा १३.०० प्रतिशत रहेका छन् ।

- संघसंस्थाबाट ऋण लिएर व्यवसाय सञ्चालन गरी बचत गर्नेहरूमा ५८ जना वा ९६.६६ प्रतिशत र संघसंस्थाबाट ऋण लिएर व्यवसाय सञ्चालन गरी बचत नगर्नेहरूमा २ जना वा ६.३४ प्रतिशत रहेको पाइयो । समुहमा आवद्ध रहेका धेरै महिलाहरू छोरीलाई उचित शिक्षा दिनुपर्छ भन्नेमा ५६ जना वा ९३.३३ प्रतिशत महिला छोरीलाई शिक्षा दिनु पर्छ भनेका छन् भने छोरीलाई शिक्षा दिए पनि हुन्छ नदिए पनि हुन्छ भन्नेमा ३ जना वा ५.०० प्रतिशत रहेको छ । छोरीले पढेर के काम अर्काको घर जाने जात भन्ने १ जना वा १.६६ प्रतिशत रहेको पाइयो ।

- महिलाहरूमा सकारात्मक परिवर्तन आएको/नआएको सम्बन्धी हेर्दा ५७ जना वा ९५.०० प्रतिशतमा महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको र ३ जना वा ५.०० प्रतिशतमा परिवर्तन नआइसकेको अवस्था छ। आफ्नो हैसियत जस्ताको जस्तै रहेको महसुस गर्ने जम्मा १ जना वा १.६६ प्रतिशत छन्। राम्रो हुँदै गएको महसुस गर्ने ३२ जना वा ५३.३३ प्रतिशत रहेका छन्। त्यस्तै धेरै राम्रो भएको छ भन्नेमा २२ जना वा २१.१६ प्रतिशत रहेका छन्। त्यस्तै घर झगडाले झनै बिग्रिएको छ भन्नेमा ४ जना वा ६.६६ प्रतिशत रहेका छन्। महिलाहरू सक्रिय भएपछि आएको परिवर्तन सम्बन्धी अध्ययन गर्दा महिला साक्षरताको अवसर प्राप्त गर्ने महिलाहरूमा ३ जना वा ५.०० प्रतिशत रहेको पाइयो। त्यस्तै स्वास्थ्य र सरसफाइमा वृद्धि गरेका २ जना वा ३.३३ प्रतिशत रहेको पाइन्छ। त्यस्तै सामाजिक विकृतिहरूको अन्त्य गर्नेमा ३१ वा ४१.६६ प्रतिशत रहेको छ। विकास निर्माणमा महिला सहभागिता १० जना वा १६.६७ प्रतिशत रहेका छन्। त्यस्तै नेतृत्वको विकासमा ९ जना वा १५.०० प्रतिशत रहेको पाइन्छ भने आय आर्जनमा विकास गर्नेमा ५ जना वा ८.३३ प्रतिशत रहेको पाइन्छ।

## ५.४ सुझाव

समाज परिवर्तन र विकाससँगै महिलाहरूले गर्ने कार्यमा परिवर्तन भइरहेको देखिन्छ। महिलाहरूको सामाजिक अवस्थामा थप सुधार आए पनि उनीहरूको समाजप्रति सरकारी नीतिनियमहरूले पूर्ण रूपमा सामाजिक तथा आर्थिक पक्षलाई दिनानुदिन वृद्धि गर्न सरकारले छुट्टै कार्यक्रम ल्याउनु आवश्यक देखिन्छ। अर्कोतिर उमेर र स्वास्थ्य तथा व्यक्तिको क्षमता अनुसार महिलाले गर्ने पेसाका प्रकार वर्गीकरण गरिनु टड्कारो रूपमा देखिन्छ भने एकातिर कामको निरन्तरता स्वास्थ्यको अवस्था, सामाजिक स्थितिलाई थप वृद्धि गर्दै जानु महिलाका लागि आजआर्जनका लागि महिलालाई तालिम तथा गोष्ठीहरूको व्यवस्था गर्ने आधुनिक खेतीप्रति उत्साहट गर्नु, ऋण लगानी व्यवस्था गर्दै हौसला प्रदान गरिनु जरूरी देखिन्छ। त्यसैले महिलाहरूलाई निरन्तरताको लागि विश्वास गराउनु पर्ने देखिन्छ। उनीहरूको लिङ्ग, स्थान, उमेर आदिको आधारमा उनीहरूलाई समानताको आधिकार दिएर मात्रै पुग्दैन र उनीहरूलाई समताको अधिकारको व्यवस्था पनि टड्कारो रूपमा व्यवस्था गर्नुपर्ने देखिन्छ।

## सन्दर्भसूची


अधिकारी, रेसराज (२०६४) समाजशास्त्रीय र मानवशास्त्रीय अनुसन्धान पद्धति, भोटाहिटि काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, भोजेन्द्र (२०५९) *लैंगिक अध्ययन,* काठमाडौं : समाजशास्त्र प्रकाशन ।

आचार्य, बलराम (२०६४) *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा,* कीर्तिपुर, काठमाडौंः सनलाइट पब्लिकेसन ।

आचार्य, मिना (२०७१) *पारिश्रमिक बिनाको सेवामूलतक काम र महिला,* रूपान्तरणमा महिला पुस्तकभित्र पृ. १२५, सम्पादन :मिना आचार्य, सुधा त्रिपाठी, इन्दुतुलाधर र मन्जु थापा, काठमाडौं : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था ।

एङ्गेल्स, फेडरिख (२०५६) *परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति,* (दोस्रो सस्करण) अनुवादक : राजेन्द्र मास्के, काठमाडौं : प्रगती प्रकाशन ।

के.सी., विमला (२०७७) *नेपालमा महिलाको वर्तमान अवस्था,* शीतलपाटी अनलाइन, १ चैत ।

चौधरी, निशा (२०७९) *नेपाली महिलाको अवस्था,* गोरखापत्र अनलाइन, २१ पुस ।

नेपालमा महिलाको राजनीतिक सहभागिता (२०६५), *सशक्तीकरण एवं समावेशीकरण,* ग्ल्क्ष्भ: तथा पुनर्जागरण समाज नेपाल ।

*नेपालमा महिलाको अवस्था* (२०७८) महिला आयोग, काठमाडौं : ३ फागुन ।

*नेपालको संविधान, २०७२ ।*

पाण्डे, बिन्दा (२०७९) *महिलावाद र महिलावादी संस्कृति,* चक्रपथ, २ वैशाख ।

*पार्श्व चित्र प्रदेश नं १* (२०७६/७७), प्रदेश योजना, आयोग, प्रदेश नं १, विराटनगर ।

पोखरेल, ऋषिराम (२०६०), वैदिक संस्कृतिमा महिला शिक्षा, महिला शिक्षा वार्षिक प्रकाशन, वर्ष ४, अंक ४, भक्तपुरः शिक्षा विभाग ।

पौडेल, तुलसीराम (२०५८), लैंगिक अध्ययनको रूपरेखा, प्रदर्शनीमार्ग, काठमाडौंः निमा पुस्तक प्रकाशन ।

रिजाल, सुस्मिता (२०७४) *नेपालमा महिलाको अवस्था कस्तो छ?* नेपालपत्र, २३ फाल्गुन ।

शर्मा, जनकलाल, (२०५२) *हाम्रो समाज एक अध्ययन,* काठमाडौं : साझा प्रकाशन ।

शर्मा, भाषा (२०७९) *स्थानीय तहमा चुनिए ४१ प्रतिशत महिला,* नागरिक, २३ जेष्ठ ।

श्रेष्ठ, मिना (२०६६), *महिला हिंसाको एउटा पाटो।*

सिंह, मंगलादेवी (२०५१), *नारी संघर्षका पाइलाहरू,* काठमाडौं, सेवा प्रिन्टिङ प्रेस

सुवेदी, प्रतिभा र देउजा, जगत (२०७१) *स्रोत साधनमा महिलाको पहुँच* नामक आलेख, रूपान्तरणमा महिला पुस्तक, सम्पादन : मिना आचार्य, सुधा त्रिपाठी, इन्दु तुलाधर र मन्जु थापा, काठमाडौं : अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था ।

UNESCO 1995,Carolyn medel-Anonuevo & Bochynek Bettina, the international seminar on 'women's education & empowerment': pathways towards Autonomy, edited by carrolyn medel- UNESCO institute 1995, Hamburg, Germany,

Rathgeber, E M, (1994). “WID, WAD, GAD: Trends in Research and Practice”Journal of developing areas accessed 30/03/13”. Retrived from http: //www.jstor.org/stable/4191904/

Perkins, et.al. (1995). “Empowerment Theory, Research and Application, American Journal of Community Psychology”. Vol. 23, No.5. Retrived from https: //doi.org/10.1007/BF02506982

# अनुसूची १

"शिवसताक्षी नगरपालिका वडा नं. ३ का महिलाहरूको सामाजिक अवस्था" सम्बन्धी तथ्याङ्क सङ्कलन गर्नका निम्ति तयार पारिएको प्रश्नावली

**पारिवारिक विवरण**

क) नाम : ख) ठेगाना

ग) परिवार सङ्ख्या घ) उमेर ङ) शैक्षिक स्थिति

च) परिवारको किसिम : एकल/संयुक्त छ) वैवाहिक स्थिति : विवाहित/अविवाहित

१. तपाईको परिवार सङ्ख्या कति छ ?

क) २ जना ख) ३ जना ग) ४ जना वा सोभन्दा माथि

२ तपाईको परिवारमा उमेरगत सदस्य कति छन् ?

-------------------------------------

३. तपाईको नगरपालिकामा कस्ता प्रकारका शैक्षिक संघसस्थाहरू छन् ?

-------------------------------------------------

४. तिनमा अध्ययन गर्ने छात्राको सङ्ख्या कति छ ?

-------------------------------------------

५.बालिकालाई विद्यालय सङ्ख्या बढाउन के कस्ता तत्वहरू अपनाउनु पर्ला ?

-----------------------------------------------

६. बालिकालाई पनि बालक सरह विद्यालय जाने के कस्ता उपाय अपनाइएका छन् ?

------------------------------------------------------

७. के तपाई अब विद्यालय भर्ना भएर पढ्न चाहनुहुन्छ ?

क) चाहन्छु ख) चाहदिन

८. के तपाई शिक्षा नै महिलाको सामाजिक जीवन परिवर्तनको मुख्य तत्व हो भन्ने सोच्नुहुन्छ ?

क) सोच्छु ख) सोच्दैन

९. महिलाहरूको शिक्षालाई प्रभावकारी बनाउन के गर्नू पर्ला ?

........................................................................................................................

१०. तपाई घरको आमा हो कि छोरी बुहारी हो ?

क ) आमा ख) छोरी ग) वुहारी घ) अन्य

**आर्थिक विवरण**

१. तपाईको परिवारमा कस्ले कमाउनु हुन्छ ?

...............................................

२. तपाईको परिवारमा मासिक आम्दानी कति छ ?

------------------------------------------------

३. तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

क) आना ख) रोपनी ग) विघा घ) अन्य

४. के तपाईले कुनै संघसंस्थाबाट कुनै खालको ऋण लिनु भएको छ ?

क) लिएकी छु ख) लिएकी छैन

५. छ भने को संग ? लिनु भएको छ ?

क) व्यक्तिगत साहुसँग ख) कृषि विकास बैङ्कबाट

ग) साना किसान विकास कार्यक्रमवाट घ) अन्य स्रोत वाट

६. तपाईसँग दाइजो वा पेवा केही व्यक्तिगत सम्पति छ ?

क) छ ख) छैन

७. छ भने कति छ ?

.....................................................................

**सामाजिक पक्ष**

१. महिलाको विवाहको उमेर कति हुनु ठिक हो ?

क) १२ देखि १६ ख) १६ देखि २०

ग) २० देखि २४ घ) २५ भन्दा माथि

२. तपाईले कति वर्षको उमेरमा विवाह गर्नु भयो ?

क) १२ देखि १६ ख) १६ देखि २०

ग) २० देखि २४ घ) २५ भन्दा माथि

३. तपाईको विवाहको निर्णय कस्ले गर्‍यो ?

क) आमा वावुले ख) नातेदारहरूले

ग) म आफैले घ) साथीहरू वा अन्यले

४. विवाहको कुरा चल्नुभन्दा पहिले हुनेवाला श्रीमान्लाई देख्नुभएको थियो ?

क) देखेकी थिएँ ख) थिइन

५. तपाईको विचारमा छोरीलाई बाबुआमाको सम्पत्ति दिन आवश्यक छ ?

(क) छ ख) छैन

६. तपाई आफ्ना छोराछोरीहरूलाई के बनुन जस्तो लाग्छ ?

क) शिक्षित ख) सम्पत्तिवाल ग) समाजसेवी घ) राजनीतिक ङ) अन्य

७. तपाईको वडामा कुनै सामाजिक संघ संस्था छन् ?

क) छन् ख) छैनन् ग) थाहा छैन

८. के तपाई कुनै संस्थामा आबद्ध हुनुहुन्छ ?

क) छु ख ) छैन ग) थाहा छैन

९. तपाई आबद्ध भएको संघ/संस्थामा पुरुष र महिलालाई समान रूपले सहभागिताको मौका दिएको छ ?

क) दिइन्छ ख) दिइँदैन ग) थाहा छैन

१०. तपाईले आफ्ना छोराछोरीलाई समान व्यवहार गरिरहनु भएको छ ?

क) छ ख) छैन ग) थाहा छैन

११. तपाई आफ्ना छोरी र बुहारीलाई समान व्यवहार गरिरहनु भएको छ ?

क) गरेकी ख) गरेकी छैन ग) थाहा छैन

१२. तपाईको विचारमा महिलाको सामाजिक अवस्था सुधार गर्न के कस्ता उपायहरू अपनाउनु पर्ला ?

१३. तपाईको विचारमा अहिले महिलाहरूमा कस्तो किसिमको परिवर्तन आएको छ ?

क) राजनीतिक ख) सामाजिक ग) आर्थिक घ) शैक्षिक ङ) अन्य

१४. महिलाहरूमा परिवर्तन ल्याउन कसको मुख्य भूमिका हुनुपर्छ ?

क) परिवार ख) समाज ग) स्थानीय तह घ) सरकार ङ) अन्य

१५. हाल तपाईको वडामा बसोबास गर्ने महिलाहरूमा के कस्ता सामाजिक परिवर्तनहरू आएका छन् ?

क) पारिवारिक सहकार्यमा काम गर्ने ख) घरायसी काममा पुरुषको सहयोग गर्ने

ग) छोरीबुहारीलाई पढ्ने वातावरण घ) अन्य

१६. तपाईले आफ्नो छोरी बुहारीलाई सामाजिक रूपमा अघि बढाउन के कस्तो भूमिका खेल्दै आउनु भएको छ ?

क) घर बाहिरको काम लगाउने ख) जागिर खान पठाएर ग) अन्य

# अनुसुची २

## नमुना छनोटमा परेका महिलाहरू







शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्याङ्गडाँडा, झापा

२०७३

मिति:-

प्रमाण-पत्र संख्या:

१ नं. प्रदेश नेपाल

**व्यवसायिक प्रमाण-पत्र**

यस शिवसताक्षी नगरपालिकाको कार्यालयले तोकिएको नियम पालना गर्ने गरी निम्न अनुसारका व्यक्ति तथा फर्मलाई उल्लेखित व्यवसाय गर्नको लागि यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

१) प्रोप्राइटरको नाम:

२) स्थायी ठेगाना:

३) पसल/फर्मको नाम: व्यवसायको किसिम:

४) पसल/फर्म राखेको स्थान: व्यवसायको श्रेणी:

**प्रमाण-पत्र पाउनेले न्यूनतम पालना गर्नुपर्ने नियमहरू:**

१) यो प्रमाण-पत्र अरुलाई प्रयोगमा ल्याउन दिनु हुँदैन र सबैले देख्ने गरी पसलमा राख्नु पर्नेछ ।

२) प्रत्येक आ. व. को ३ महिना भित्र नविकरण गराउने तथा व्यवसाय बन्द भएका अवस्थामा यस कार्यालयलाई अनिवार्य जानकारी गराउनु पर्नेछ ।

३) उल्लेखित व्यवसाय मात्र गरी उपभोक्ताले देख्ने ठाउँमा मूल्य सूची राख्ने साथै फर्म (पसल) परिसरको सर-सफाई अनिवार्य गर्नु/गराउनु पर्नेछ, साथै व्यवसाय विस्तारका निमित्त अन्य प्रमाणहरु आवश्यक परेमा नियमानुसार दर्ता गराउनु पर्नेछ ।

प्रोप्राइटर | फाँटवाला | कार्यालय प्रमुख


सुजना कृषि
तथा पशु पंछी फर्म



